# नेपाली

(त्रैमासिक)

२०६७ वैशाख, जेठ र असार पूर्णाङ्क २०३

## गुठीको समाचार

सन् २०१०–२०११ का लागि गुठीको सिटमा भारत कोलकातामा एम.बी.बी.एस् पढ्न जाने विद्यार्थीहरूको चयन निम्नानुसार भएको छ –

**मेडिकल कलेजमा–**

*प्रजिता प्रधान, काठमाडौँ*

**आर.जी.कार मेडिकल कलेजमा–**

*मोनाली शाह, धनुषा*

– **कार्यालय–सचिव**

म. पु. गुठी

## १८८५ सालको सीमा वन–प्रबन्ध

राजा श्री ५ राजेन्द्रको समय थियो। प्रधानमन्त्री थिए भीमसेन थापा। अङ्ग्रेजको युद्ध र सन्धि भएको पनि निकै वर्ष भैसकेको थियो। त्यसबेला नेपालको दक्षिण सिमाना वनमय थियो 'कालीपूर्व मेची पश्चिम' चुरे पर्वत शृङ्खलादेखि दक्षिण सबै वनजङ्गलले ढाकिएको थियो। 'हरियो वन, नेपालको धन' वास्तविकता थियो त्यसबेला। त्यस्तो बेला वनको व्यवस्था कसरी हुन्थ्यो भन्ने एउटा सनद या रुक्का फेलापरेको छ। १६ दफा (सवाल) भएको ऐन-नियमको दस्तावेज हो त्यो १८८५ पौष सुदी ८ रोज ३ को लेफटेन हीराप्रताप सिंलाई दिइएको अख्तियारनामा। ऐलेका वनमन्त्री जस्तै बनाइएको रहेछ हीराप्रतापलाई– तर धेरै अख्तियारी दिएर। "यसो गर्नू उसो गर्नू" मात्र होइन, "यसोयसो नगर्नू" भन्नेसमेत हिदायत छ त्यहाँ। गऱ्यौ भने सजाय हुने भन्ने चेतावनी दिएको। उदाहरणार्थ पाँचौं सवालको यो वाक्य हेरौं। लेखेको छ–

"हाम्रा देहातकालाई घरमाफिक. षांमाषांमी. धुनी. वडेराकोरो वत्ति हला गैह्न चाहीन्यो काठमात्र काटन दिनु. अरू व्यपार गर्न्या काठ काटन नदिनु कसैका मोलाहिजामा लागि वेपार गर्न्या काठ बाटन दिइस् भन्या जियधनमा पर्ला–५" अचम्म लाग्छ, पूर्वदेखि पश्चिमसम्म जङ्गलको सुरक्षाका लागि सिपाही जवान ८६ जनाको मात्र दरबन्दी स्वीकृत गरिएको छ। यो रुक्काको प्रतिलिपि सुब्बा अनङ्गनाथ पौड्यालबाट प्राप्त भएको हो। र यस कागजको महत्त्व दर्साई योगी नरहरि नाथले यस्तो टिपोट गरेको चिट्को पनि त्यहीं नत्थी गरेको भेटिन्छ। योगीजीको टिप्पणीले भन्छ–

"यस लालमोहरबाट राजा राजेन्द्रको काजी भीमसेन थापाका समयमा राज्यसीमा वनगडी किल्ला भञ्ज्याङहरूको प्रवन्ध कत्तिको थियो र प्रजाहरूमाथि कस्तो शासन थियो? एवं मितव्ययिता कहाँसम्म थियो भन्ने कुरा थाहा पाइन्छ. इ दुइटा तात्कालिक प्रतिलिपि संग्रहशील मु. अनङ्गनाथ पौड्यालबाट मिलेका हुन्। – योगीनरहरिनाथ"

यो सनद या रुक्का यहाँ समग्र दिन सकेको भए हुन्थ्यो तर त्यसो गर्दा यस स्तम्भको 'सीमा अतिक्रमण' हुने भएकाले त्यसो गरिएन। भए पनि वन-व्यवस्थामा अध्ययन गर्न खोज्नेले मदन पुरस्कार पुस्तकालयमा आई त्यो पढ्न हेर्न सक्छन्– यहाँको हस्तलिखितपट्टिको क्रमाङ्क ह- ४०३ मा।

क.दी.

# मदन पुरस्कार (मेडिकल) निबन्धहरू

*[हुन त यसअघि पनि दुईतीनपटक यस्ता (विद्यार्थीका) निबन्धहरू 'नेपाली'का कुनैकुनै अङ्कमा दिने गरेका थियौँ। यस अङ्कमा चाहिँ त्यस्तै निबन्धले नै भरूँ कि जस्तो लाग्यो। 'नेपाली'का पाठकहरूलाई थाहा छ, २०१२ सालमा रानी जगदम्बाद्वारा निकै ठूलो धनराशि उत्सर्ग गरी भारतको, पश्चिम बङ्गाल सरकारसँग सम्झौता गरेर कलकत्ताका दुई मेडिकल कलेजमा एकएकओटा सिट नेपाली विद्यार्थीहरूका लागि सुरक्षित गरिएको थियो। उदारमना रानीसाहेबबाट उसै बेलादेखि ती दुई मेडिकल कलेजमा पढ्न जाने विद्यार्थी छान्ने काम यस गुठीलाई प्राप्त भएको हो। सो कार्य गुठीले यी ५४ वर्षसम्म सकेसम्म पारदर्शी ढङ्गले गरिआएको छ। प्रत्येक वर्ष छानिएर गएका विद्यार्थीहरूको नाम गुठीको यो मुखपत्रमा छापिँदै आएको पनि पाठकहरूले पढेकै हुनुपर्छ। सुरुसुरुमा सो सिटहरूका लागि धेरै जनाले निवेदन नगर्ने हुनाले सचिवकै स्वविवेकले नै छानिने गर्थे विद्यार्थीहरू। पछि उम्मेदवारहरूको सङ्ख्या वृद्धि हुँदै जाँदा समयसापेक्ष र आवश्यकताअनुसार सो छनोट प्रक्रियामा सुधार गरिँदै आएको छ। यता ४० वर्षदेखि त दरखास्त गर्नेहरूको छुट्टै लिखित र मौखिक परीक्षा गर्ने प्रथा चलाएको छ गुठीले। लिखित परीक्षा १०० पूर्णाङ्कको हुने भए पनि त्यसमध्ये केही अङ्क गुठीले नेपाली भाषाको ज्ञानलाई दिने गरेको छ। सो नेपाली भाषाको ज्ञान परीक्षण गर्ने तरिकामा पनि समयानुकूल सुधार गरिँदै आएको छ। २० वर्षजति भयो, त्यसका लागि एउटा निबन्ध नै लेख्नुपर्ने प्रावधान राखियो। हाल २० अङ्कको लागि विद्यार्थीहरूले परीक्षाहलमै दिइएको कुनै विषयमा एउटा निबन्ध लेख्नुपर्छ।*

*सो सधैँ झैँ यसपटक चारओटा शीर्षक दिइएका थिए। तीमध्ये विद्यार्थीहरूले इच्छानुसार कुनै एउटा छानेर त्यसमा निबन्ध लेख्नुपर्ने थियो। वैकल्पिक रूपमा दिइएका यसपालिका चार शीर्षक थिए– (१) जेठ १४ गते (२) सेतीको खोँच (३) जुनेली रात र (४) विश्व तापक्रम वृद्धि। झन्डै ३०० जना सो परीक्षामा बसेका थिए। तीमध्ये अत्यधिकले पहिलो निबन्ध अर्थात् 'जेठ १४ गते' नै छानेर लेखेछन्। त्यसपछि ५० जनाजतिले 'विश्व तापक्रम वृद्धि'लाई छानेको देखिन्छ।*

बाँकीमा केहीले 'जुनेली रात' लेखेका रहेछन् । अचम्म के भने 'सेतीको खोँच' जम्माजम्मी दुई जनाले मात्र छानेछन् !

विद्यार्थीको नाम नभएको ती निबन्धका कापीहरू रातो बङ्ला स्कूलकी एक जना अध्यापिकाले जाँचिन् र नम्बराङ्कन गरिन् । उनले दिएका नम्बरहरू अरू विषयमा प्राप्त अङ्कसँग जोडन गरी सर्वोच्च पूर्णाङ्क ल्याउने १० जनालाई त्यसपछि छनोट गऱ्यो गुठीले र त्यति गरेपछि मात्र ज्ञात भएको– उनीहरूका नाम सार्वजनिक गरिएको थियो । अनि त्यसरी छानिएका १० जना विद्यार्थीको तीन जना डाक्टर/विद्वान्हरूले, अलगअलग, अन्तर्वार्ता लिएर छनोट भएका अन्तिम नतिजा निकालिएको थियो, यही गएको जेठ २८ गते । त्यो सूचना यस अङ्कमा गुठीको समाचारका रूपमा नै पृष्ठ १ मा प्रकाशित भएको छ । तर दुर्भाग्यवश यी नेपाली निबन्ध लेखेर सर्वोच्च अङ्क अर्थात् २० मा १७ या १८ प्राप्त गर्नेहरू कोही पनि त्यो अन्तिम चयनमा परेका देखिन्नन् ।

'नेपाली' मदन पुरस्कार गुठीको मुखपत्र पनि भएकाले यसका क्रियाकलापहरू 'नेपाली'मा देखाइराख्ने हाम्रो लक्ष्य छ । सोहीअनुरूप यी १७ थान निबन्धहरू यस अङ्कमा प्रकाशित भएका हुन् । पढ्नेहरूले परिलक्षित गर्ने छन् नेपाली 'आई. ए. या प्लस टु'का राम्रा विद्यार्थीहरूको पनि नेपाली लेखाइ कति उच्चकोटीको र माझिएको हुँदो रहेछ । 'नेपाली'को सम्पादकीय फाँट ती निबन्धहरूको स्तर देख्दा निकै उत्साहित छ– सम्पादक]

# ‘जुनेली रात’

पङ्कजविक्रम जैरू, कैलाली

आधुनिकताको अन्धो आडम्बर र वैज्ञानिकताको फोस्रो काकतालीले जेलिएको आधुनिक, आडम्बरी संसारमा मानिसले आफ्नो प्राकृतिक गुण, रचना, अभिप्राय र सौन्दर्यलाई बिर्सँदै क्षणभङ्गुर आनन्दका लागि मरिहत्ते गर्दै, आफ्नो स्वकेन्द्रित लक्ष्यलाई पूरा गर्न विभिन्न चलखेल र प्रपञ्च रचिरहँदा खित्का छुट्छन् ।

प्रकृति यति उदार र यति खुला हृदयकी; सन्तानप्रेमी छिन् कि उनले यस संसारका सबै जीव, रचना, जड-अजड चराचरलाई आफ्नो कोमल हातका फैलिएका अम्बररूपी छायामा सबै प्राकृतिक चराचरलाई आनन्दको बाटो बिना कुनै हत्कण्डा र बिना कुनै कष्टको पुऱ्याएकी छिन् । म त भन्छु, आनन्द र प्रमोदमय सुखका निम्ति कहींकहीं नजाओ... केवल प्रकृतिका सुन्दर अनुरागी उपमाहरूको आनन्द लेओ... म आनन्द प्राप्त गर्न कुनै कसौटी झेल्दिनँ; कुनै कष्ट गर्दिनँ, केवल प्रकृतिका निहारिकालाई आफ्नो मनमस्तिष्कले चियाउँछु र त्यसैमा सुन्दरताको अलङ्कार प्राप्त गर्दछु । म बिहानको पल्लवी र सुन्दर मुनाको दृष्टिगोचर र साँझको जुनेली रातलाई आनन्दको आफ्नो मृदुला ठान्दछु र त्यसै मृदुल धुनमा अगम्य प्रमोदको उचाइमा पुग्छु; अनन्त आनन्दको पगरी गुथ्छु र अपार विशिष्टताको ज्ञान पाएको सम्झन्छु । मेरा निम्ति प्रकृतिका यी अनुपम वर्दान जीवन धान्नका लागि मात्र नभई जीवनको वास्तविक रहस्य र ज्ञानको अनि सानदार प्राकृतिक अभिमानको रथ चढ्नलाई पर्याप्त छन् । म केवल रमाउन चाहन्छु त्यस जुनेली रातमा; जहाँ रहस्यमय, अगम्य र सुन्दरताको नालीबेली छ ।

म हराउँछु, त्यस जुनेली रातमा जहाँ मलाई साथ दिन मेरो अन्त:करणमा स्वर्गीय आनन्दमा मलाई पुऱ्याइदिने स्वर्गका स्वप्नशिखा, स्वर्गको मुनामा पल्लवित भएको म राजकुमारका बीचमा स्वप्नसुन्दरीहरूसँग म पौंठाजोरी खेल्दै त्यस चुचुरोमा विराजमान हुन्छु जुन इन्द्रको आनन्दको बगैंचा हो । मलाई त्यस सुन्दर जुनेली रातमा प्रकृतिले अर्कै आनन्दको सर्बत प्याला पिलाउँदै गर्दा अनेक मीठा

सुरहरू सुशोभित ढङ्गले मेरो कानमा आनन्द दिलाउँछन्। सायद म बौलट्ठी छु होला ... हो म बौलट्ठी हुन चाहन्छु, एकछिनका लागि मात्रै भए पनि यदि मलाई बिना कुनै असत्यको काकतालीको भरमा उभिएर, धर्मको साङ्लामा बाँधिएर प्राकृतिक आनन्दको अनुभूति गर्ने सुवर्ण अवसर मिल्छ भने।

अहो प्रकृति... कति शीतल छौ तिमी, कति शीतलताको आनन्द, मनमोहकमा तिमीले जुनेली रातमा विशाल ताज पहिऱ्याएकी। म त मस्त छु; केवल धन्यवाद दिन्छु तिमीलाई, तिमी आफ्नो मातृवात्सल्यलाई जीवित राख, मर्न नदेऊ; मलाई आफ्नो प्रेममा र मातृवात्सल्यरूपी जुनेली रातमा रमाउन देऊ। कति सजिलो... त्यस जुनेली रातमा, प्रकृति, मानव, ईश्वर, चराचर र ब्रह्माण्डको अथाह मञ्जरीरूपी ज्ञानसागर, विद्यासागरमा डुबुल्की मार्दै दोहोरो आनन्द लिन। दोहोरो आनन्द ! दोहोरो आनन्द यसर्थमा कि मेरो मानसपटलले शान्ति र शीतलताको 'पूर्णात्-पूर्णमिदम्बाट' सिञ्चित ज्ञानको अथाह मञ्जरीमा मलाई डुबुल्की मार्न पाइयो र अर्को कुन अर्थमा भने म तिम्रो नै प्रादुर्भाव हुँ। म मात्र किन यो प्रकृतिका चराचरहरू तिम्रै प्रेमको काखमा रमाईरमाई मातृप्रेमको, मातृवात्सल्यको करुणालाई नअघाउन्जेल प्राप्त गर्न सक्छ। म तिम्रो जुनेली रातरूपी शीतलताको प्रवाहमा दिग्भ्रमित पो भएँ कि, प्रकृतिलाई माता सम्झेर। त्यस जुनेली रातको गर्भबाट "पूर्णबाट पूर्ण निकाल्दा पनि पूर्ण नै रहिरहने" उदारता र वैभवता। म त्यस वैभवता सिञ्चित उदारताको मुक्त कण्ठले प्रशंसा गर्दछु। यो विश्वलाई गोलचक्रवाद, अस्तित्ववाद र स्वच्छन्दतावादको साङ्लोबाट निकाली, विखण्डनकारी विरक्तिहरूलाई पन्छाउँदै आफ्नो विशाल करुणामा काखेभक्तिमा राख्ने तिमी महान् छ्यौ।

त्यै जुनेली रात, जहाँ एउटा रङ्कले दिनभर आफ्नो इमानजमान बिक्री गरेर आफू हीनताबोधको कालकोठारीमा जबर्जस्ती आफ्नो अन्तर्मनबाट कुण्ठित हुन बाध्य हुन्छ, म त्यही रङ्कदेखि लिएर अधिपतिको क्रीडासमय र आफ्नो सुखभोग गर्ने समय हो भन्छु जुनेली रातलाई। जुनेली रात जहाँ जूनको प्रकाशमा, शीतलको प्रकाशमा अनेक स्रष्टाका सिर्जनाहरू मुखरित हुन्छन्। प्राप्त गर्छन् अनन्त ज्ञान र भानका दोसाँध जराबाट स्वच्छन्दता। म पनि त्यही स्वच्छन्दतामा

रमाउँछु। एउटा रङ्कदेखि अधिपतिले आफ्नो क्रमश: दरिद्रता र विशालतालाई सिरानीछेउ राखी सुन्दरता र शान्तिप्रियताको आभास प्राप्त गर्नलाई कुनै मूल्य प्रकृतिलाई चुकाउनुपर्दैन। यो सित्तैमा प्रकृतिको उपहारस्वरूप समस्त मानव र चराचरलाई दिइएको प्रसाद ग्रहण गर्न आओ मानवजाति। अनि प्राप्त हुन्छ असीम एकताको साङ्लोमा फलेफुलेका कोपिलारूपी विशालता अध्ययन र ज्ञान। म त्यही कोपिलालाई आनन्दका प्रेममा सेलाउँछु र भन्छु 'तिमी कति सुन्दर'। त्यो जुनेली रात सुन्दरताको लवज लिई उदाउँछिन् र अस्ताउँछिन् मानसपटलको सुन्दरता र शक्तिप्रियतामा मुखरित भई।

म त जुनेली रातमा अध्ययन गर्छु; ज्ञान पाउँछु; अथाह नौलाखे तारा; जून, समस्त ब्रह्माण्डमा भएका जड-अजडदेखि लिएर दृष्टिगोचर गरिएको बाहिर र मानसपटलमा भएका कल्पनाका मुनालाई देखाउँदै हेर म अदृश्यताबाट पनि केही प्राप्त गर्दछु त्यस बौलट्ठीपनामा। म चाहन्छु त्यस ब्रह्माण्डका आकाशीय पिण्ड जुन देखिन्छन् जुनेली रातमा। म रमाउन चाहन्छु त्यस ज्ञानको अथाह सागर र आनन्दको आनन्दमा, कल्पनामा, सौन्दर्यमा र उत्साहमा। मेरा लागि त्यो जुनेली रात एउटा ठूलो अवसर र अभिप्रायमा विशालकाय फैलाएर रहेको छ। म अङ्गीकार गर्छु जूनको शीतलता र प्रकृतिको खुला किताबलाई जहाँ सबै ज्ञानका पुस्तकहरू त्यहाँ खन्याएर रित्ता हुन्छन् तर पनि त्यस जुनेली रातमा ज्ञान कति हो कति... अथाह... हुन्छ।

"पूर्णबाट पूर्ण निकाल्दा पनि पूर्ण" नै रहने ज्ञान र प्राकृतिक आनन्दको समयचक्र "जुनेली रात"।

\+ \+ \+

## जेठ १४ गते

– सिद्धार्थ खनाल, गोरखा

जेठ महिनाको १४ गते हरेक वर्षमा आउँछ र आउँदै गरेको छ, तर २०६७ साल जेठ १४ गतेको समयले भने छुट्टै महत्त्व बोकेको छ। जेठ १४ गतेले खास गरी मेरो लागि पनि छुट्टै महत्त्व

बोकेको छ किनभने मेरो जन्ममिति पनि २०४८ साल जेठ १४ गते बुद्धजयन्तीको दिन भएको थियो तर के त्यो जेठ १४ गते भनेर म आफ्नो स्वार्थी जीवनलाई मात्र सम्झने त ? दीपक लिम्बूको स्वरमा एउटा गीत सुनेको थिएँ '...यहाँ देशको छ चिन्ता। तिमी माया माया भन्छौ... बुझ्ने छौ कि नबुझेजस्तै गर्छौ।...' यो यही जेठ १४ गते हो जुन दिन नेपालीले पहिलोपटक जनसंविधान पाउने छन् र नेपाली जनताले बनाएको कानुनमा नेपालीहरू रमाउने छन्।

सुन्दा रमाइलो लाग्छ तर अब २० दिन बाँकीमा के जनताबाट चुनिएका सभासद्हरूले संविधान देलान् त। संविधान सभाको चुनाव त दुई वर्ष पहिले भएको थियो र यसमा कुनै किसिमको ढिलाइ भएको थिएन तर दुई वर्ष समय दिँदा पनि संविधान नबन्ने कालो छाया हामी नेपालीको आकाशमा उडिरहेको छ। दलहरूबीचको खिचातानीले गर्दा संविधान नबन्ने खतरा अझै छ र अझ दलहरू नमिल्ने हो भने यो संविधान समयमा नबन्ने पक्का छ र यो सबै सभासद् र दलहरूलाई राम्ररी थाहा छ। संविधान बनाउने समयमा सरकारको सम्बन्धमा भएको खिचातानीले संविधानलाई पछि पारेको त छँदै छ त्यैमाथि जनताको भत्ता खाएर संविधान बनाउनलाई बनेका सभासद्हरूलाई यही जेठ १४ गतेपछि सभासद् बन्ने नैतिक अधिकार कत्तिको छ, यो अब हामी सबैले सोच्ने समय आएको छ। सभासद्हरू संविधान बनाउन गएका हुन् कि सरकार ढाल्न र जोगाउन ?

मूलत: नेपालमा तीन पार्टीहरू छन्, एकीकृत नेकपा माओवादी, नेपाली काङ्ग्रेस र नेकपा एमाले। एनेकपा माओवादीले संसद्मा बहुमत ल्याएर सरकार पनि बनाएको थियो तर अहिले नेकपा एमालेको नेतृत्वको सरकार छ। यो कसरी भयो भन्ने सबैलाई लाग्न सक्छ हो, यो संविधान बनाउनलाई छुट्ट्याइएको दुई वर्ष अवधिको समयमा संविधान बनाउने सभासद्ले गरेका कार्यहरू हुन्। यो अन्तरिम सरकार कुनै पनि ५ वर्षे वा १० वर्षको लागि बनेको होइन न त यो सरकारको मूल दायित्व नै विकास निर्माण गर्नु थियो र जुन प्रकारले माओवादीको सरकार पतन भयो यो यहीको दुष्परिणाम हो। उसले संविधान लेख्ने समयमा आफू ठूलो पार्टी हो भनेर आफ्नै खुट्टामा बन्चरो हान्न पुग्यो र अन्तत: सरकार पतन भयो र २५

दल भएको देशमा २२ दलको गठबन्धनको नयाँ सरकार गठन त भयो तर संविधान मूलत: नलेखिने देखियो। हो, यही जेठ १४ गते हो जुन दिन हरेक नेपालीलाई संविधान लिने आशा थियो, कानुनी राज्य बन्ने धोको थियो। हामीसँग यसअघि नै संविधान नभएका होइनन्, नेपालमा ७ ओटा संविधान पहिलै नै थिए तर ती जनताले बनाएको संविधान थिएनन्। ती सामन्ती राजतन्त्र र दरबारको छत्रछहारीमा बनेको संविधान थियो जहाँ संविधानलाई राजाभन्दा तल राखेर हेरिन्थ्यो। १९ दिने जनआन्दोलनले राजतन्त्र परास्त त भयो तर जनताले चाहेको संविधान अझ बन्ने सम्भावना देखिएन यो देश हामी जनतालाई नभई हामीले भोट दिएर चुनेका सभासद्लाई दिन जरुरी छ जुन सभासद्लाई हामीले पूर्ण विश्वास गरेर संविधान बनाउनको लागि पठायौँ ती सभासद्हरू अहिले हाम्रो करको पैसा भत्ता मात्र खाई मोज गरिरहेका छन्। यस्तै हो भने जेठ १४ लाई सार्न मिल्छ कि मिल्दैन ? पछि संविधान बन्ने के ग्यारेन्टी छ ?

मूलत: म नेपालमा भएको कुनै एउटा पार्टी नभई सबै पार्टीलाई दोष दिन चाहन्छु। जेठ १४ जुन एउटा ऐतिहासिक जेठ १४ हुन जान्थ्यो, त्यो लगभग नहुने निश्चित छ। एमाओवादीले आफूलाई जनमत प्राप्त छ भन्दै जे पनि गर्दै हिँड्ने। प्रधानमन्त्री आफ्नो हातमा छ भनेर जे गरे पनि जनताले साथ दिन्छन् भनेर घमण्ड गरेको कारण ९ महिने उसको शासनमा न त उनीहरूको ६ महिनामा गरिने भनेको सेना समायोजन नै भयो न त संविधान लेखन राम्ररी नै गभो। त्यसैले होला उसलाई राजनीतिप्रति अनभिज्ञ भन्न सकिन्छ। जङ्गलबाट आएको भएरै होला देश हाँक्ने राजनीति उसमा थिएन र ऊ विपक्षमा नै बस्नुपऱ्यो। सरकारमा हुँदा त संविधानमा बढी ध्यान दिन सकेन सकेन सरकारबाट बाहिरिसकेपछि पनि उसको घमण्ड नतोडिएर ऊ सदन चल्न नदिई सरकारलाई अप्ठेरोमा पारी संविधान लेखनको लागि राम्रो बाटो बनाउन सकेन र कहिले सत्ता कब्जा र जनविद्रोह भनी तर्साइरहेको त हामी सबैलाई थाहा नै छ।

उता एमाले र काङ्ग्रेसले २२ दलको सहमतिमा सरकार त बनाए तर उसले सबभन्दा ठूलो पार्टी माओवादीलाई छाडी संविधान लेख्छु भनी झूटो आशा राखे। संविधान सभाको ठूलो दल माओवादीलाई

पन्छाएर संविधान लेखौँला र यो यो माओवादीलाई सखाप पारौँला भन्ने शोच भएर माओवादी र अहिलेको सत्ताधारी दलहरूमा कहिल्यै कुरा मिलेन। एउटाले अर्कोलाई उग्रवामपन्थी र यथास्थितिवादी भनेर गाली गलोज मात्र गरेर बित्यो यो दुई वर्ष र यो जेठ १४ गते जुन दिन जनताले संविधान आशा गरेका छन् त्यो दिन पनि एउटा पार्टीले अर्को पार्टीलाई गरिएको गालीमात्र सुन्ने भन्ने लगभग निश्चय नै छ। र हामी जनताले अर्को नेतालाई गाली गर भनेर नेता बनाएका हौँ ?

हो, यही जेठ १४ गते सबै नेपालीलाई केही नयाँ कुरा आउला भन्ने लागेको दिन ती सत्तामा गएका र प्रतिपक्षमा बसेका नेताहरूले के दिन सक्लान् ? ती नेतालाई हामी लोप्पा खुवाउने कि नखुवाउने। २ वर्ष बित्दा संविधान बनाउन कहिल्यै चासो देखाएनन् र जब जेठ १४ गतेको अन्त हुन लाग्यो तब नेताहरूले माफी मागेर जनताले माफी दिने कि नदिने। के यो जेठ १४ अरू गते जस्तै बित्ला कि छुट्टै र ऐतिहासिक जेठ १४ होला ?

\+ \+ \+

## जेठ १४ गते

– विवेक न्यौपाने, पाल्पा

समय परिवर्तनशील छ। समयको परिवर्तनसँगै हरेक राष्ट्रमा थुप्रै राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक एवं सांस्कृतिक परिवर्तन आउने गर्छन्। त्यस्तै एसियाको मुटुमा रहेको हाम्रो सानो भूपरिवेष्ठित देशमा पनि समयअनुकूल थुप्रै परिवर्तहरू भएका छन्। इतिहासका थुप्रै कालखण्डहरूमा अनेकौँ राजनैतिक उथलपुथललाई भोग्दै आज हामी नेपाली संविधान लेखनको महान् प्रक्रियामा छौँ। उक्त संविधान लेखन कार्य सार्वभौमसत्ता सम्पन्न नेपाली नागरिकहरूले संविधानसभामार्फत चुनिएर पठाएका ६०१ सदस्यहरूले २०६७ साल जेठ १४ गते पूरा गर्नुपर्ने छ।

नेपालको राजनैतिक इतिहासलाई कोट्याउने हो भने नेपालमा विभिन्न किसिमका संविधान समयका विभिन्न कालखण्डहरूमा नेपाली

जनताले प्राप्त गरेका छन् तर उक्त संविधानहरू नेपालमा धेरै समयसम्म टिक्न सकेनन्। २००७ सात साल फाल्गुन ७ गते राणाहरूको १०४ वर्षे निरङ्कुश शासनको अन्त्य भई नेपालमा प्रजातन्त्रको उदय भयो। त्यसपछि सोही साल मातृकाप्रसाद कोइरालाको नेतृत्वमा राणा-काङ्ग्रेसको संयुक्त सरकार बन्यो। त्यसै साल 'नेपालको अन्तरिम शासन विधान' नेपालीहरूका माझ ल्याइयो। उक्त सरकार धेरै रहन सकेन र ९ महिनामै ओरालो लाग्यो। यद्यपि नेपालमा त्यसपश्चात् थुप्रै राजनैतिक पार्टीहरू स्वतः स्फूर्त खुल्न थाले। वि.सं. २०१५ सालमा प्रथम आमनिर्वाचन भयो। त्यसबखत नेपाली काङ्ग्रेसले १०९ सिटमध्ये ७४ सिटमा विजय प्राप्त गरी दुईतिहाई बहुमत प्राप्त गर्‍यो। फलस्वरूप विश्वेश्वरप्रसाद कोइराला नेपालको प्रथम प्रधानमन्त्री बने। तर त्यो पनि धेरै रहन असफल भयो। २०१७ साल पुस १ गते तत्कालीन राजा महेन्द्रले 'नेपाल अधिराज्यको संविधान २०१५'को धारा ५५ प्रयोग गरी सरकार ढाल्ने काम गरे। त्यसपछि २०१७ साल जेठ २२ गते नेपालमा निर्दलीय पञ्चायत शासन लागू भयो। दलका नेताहरू थुनिए र प्रजातन्त्र मासिने काम भयो।

नेपालमा त्यसपश्चात् 'नेपाल अधिराज्यको संविधान २०१९' आयो। निरङ्कुश पञ्चायती शासन विरुद्ध आवाज उठ्न थाले र २०३६ साल जेठ १० गते सत्याग्रह पनि सम्पन्न भयो। २०३७ साल वैशाख २२ गते नेपालमा जनमत सङ्ग्रह गरियो। उक्त जनमत सङ्ग्रहमा बहुदल व्यवस्थाले ४५.२१% भोट प्राप्त गर्‍यो भने पञ्चायती शासनले ५४.७९% भोट प्राप्त गर्‍यो। अन्ततः केही सीप नलागेपछि नेपालीहरू पुनः गणेशमान सिंहको नेतृत्वमा वाम-मोर्चासहित आन्दोलनमा होमिए। फलस्वरूप राजा विरेन्द्र बाध्य भएर २०४७ साल कार्तिक २३ गते 'नेपाल अधिराज्यको संविधान २०४७' नेपाली सामू ल्याए। उक्त संविधान संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको स्वरूपमा ल्याइएको थियो।

नेपालमा यो संविधान पनि धेरै रहन सकेन। नेपालमा नागरिक सार्वभौमसत्ता सम्पन्न भएनन् भनेर केही शक्ति नेपाली माओवादी पार्टीको नाममा सशक्त जनयुद्धमा होमिए। उक्त कहालीलाग्दो समयमा नेपालका १२ हजारभन्दा बढी मान्छेले ज्यान गुमाउन पुगे।

देशमा सशक्त द्वन्द्व चर्कियो। कथित ठूला वर्गले मात्र राज गर्न पाउने २०४७ सालको संविधान खारेज गरी संविधान सभामार्फत हरेक व्यक्तिको प्रतिनिधित्व हुने खालको संविधानको माग बढ्यो। अर्कोतर्फ तत्कालीन राजा ज्ञानेन्द्रले माघ १९ गते सम्पूर्ण राज्यव्यवस्था आफ्नो हातमा लिए। फलस्वरूप शसस्त्र द्वन्द्व गरिरहेको नेपाल कम्युनिस्ट पार्टी (माओवादी) र नेपालका अन्य दलहरूबीच भारतमा १२ बुँदे सहमति भयो। उक्त सहमति नै नेपालमा संविधानसभामार्फत नयाँ संविधान लेख्ने कुराको सुत्रधार भयो।

वि.सं. २०६२/२०६३ सालमा नेपालमा ठूलो जनआन्दोलन भयो। उक्त १९ दिने आमहड्तालमा थुप्रै मानिसहरू शहीद हुन पुगे। अन्ततोगत्वा: नेपालमा धेरै समयदेखि आफ्नो आधिपत्य जमाएको राजसंस्था बहिर्गमन हुन बाध्य भयो। वि.सं. २०६३ कार्तिक २२ गते युद्धविरामको घोषणा भयो। वि.सं. २०६३ माघ ५ गते विस्तृत शान्ति सम्झौता भयो र २०६३ फागुन १० गते पुनस्थापित संसदले संविधानसभाको चुनाव गर्ने घोषणा भयो। उक्त चुनाव २०६४ चैत्र २८ गते ६०१ सिटका लागि नेपालभरि सम्पन्न भयो। उक्त आमनिर्वाचनमा नेपाल कम्युनिस्ट पार्टी (माओवादी) सर्वाधिक ठाउँमा विजयी रह्यो। अहिले नेपालमा अन्तरिम संविधान लागू छ। नेपाली जनताले २००७ सालदेखि उठाएको संविधानसभामार्फत नयाँ संविधानको पूरा गर्ने अभिभारा बोकेर नेपालको जिम्मेवार पार्टीहरू अहिले संविधानसभामा छन्।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र जातीय स्वायत्तता, धार्मिक निरपेक्षता, सार्वभौम नेपाली जनता आदि यस संविधानका मूलभूत आधार हुने छन् भनिएको छ। नेपालमा २०६७ साल जेठ १४ गते संविधान बन्ला नबन्ला भन्ने कुरा धेरै धरोमरोमा परेको छ। सम्पूर्ण पार्टीहरू आफ्ना दलगत स्वार्थमा लिप्त छन्। सहमतीय राजनीति टुटेको छ। सबै दलहरूले शासकीय स्वरूप धारण कस्तो गर्ने? एक मधेस एक प्रदेश हुने कि नहुने? सङ्घीय राज्य व्यवस्था सही हुने कि नहुनेमा आफ्नै डम्फु बजाइरहेका छन्। सबैका आ-आफ्ना अडान छन् र कोही पनि आफ्नो अडानमा टसमस हुन नखोज्दा नेपालमा नेपाली जनताले चाहेजस्तो संविधान जेठ १४ गतेभित्रै बन्ला भन्ने

कुरामा सबै सशङ्कित छन् । कतिपय पार्टीहरू आन्दोलनमा होमिएका छन् भने सरकार पनि निरीह सावित भएको छ । यसर्थ नेपालमा जेठ १४ गतेपश्चात् ठूलो संवैधानिक जटिलता उत्पन्न हुने कुरामा दुई मत छैन । यद्यपि नेपाली जनताले चाहेअनुसारको नेपालको संविधान तोकिएकै मितिभित्र बनोस् भन्ने आम नेपालीको चाहना छ ।

जेठ १४ गतेको महत्त्व निकै बढेको छ । यदि समयमा नेपालको संविधान बनेन भने थुप्रै संविधानविद्, राजनीतिक विश्लेषकहरूले अनेकौँ आकलन लगाउन थालेका छन् । कतिपयले उग्रवामपन्थीधार हाबी हुने र विद्रोह हुने देख्छन् भने कोही दक्षिणपन्थी 'कु' हुने आशङ्का गर्छन् । कतिपयको विश्लेषण भने राजसंस्था बिउँतने र २०४७ सालको संविधान नै लागू हुने भन्ने छ । यसर्थ नेपाली राजनीतिलाई अग्रगमनको बाटोतर्फ डोऱ्याउन र चिर शान्ति र एक स्थिर जनताले चाहेको जनभावना समेट्ने खालको संविधान लेख्ने कार्यमा सम्पूर्ण राजनीतिक दल साथै शिक्षक, प्राध्यापक, चिकित्सक, नागरिक समाज एकजुट भएर लाग्नु आजको अनिवार्य आवश्यकता हो । यो समय राजनैतिक दलहरूले एकअर्कालाई निषेध गरेर जाने होइन । "बगेको खोला फर्कंदैन, जान्छ समय पर्खंदैन" भन्ने कुरा बुझेर समयमै सहमतिका साथ नयाँ संविधानका खाका लेखिनुपर्छ । जनताले रगतको खोलो बगाउने खालको क्रान्ति चाहेका छैनन् । जनताले गुराँस फक्रने खालको संविधान चाहेका छन् । आम नेपाली जनताको मनोभावनालाई अङ्गीकार गरी शान्तिलाई तार्किक निष्कर्षमा पुऱ्याउन, सेना समायोजन वैज्ञानिक ढङ्गले गर्न र सुन्दर शान्त नयाँ नेपालको सपनालाई जेठ १४ को दिनमा पूरा गर्न र नेपालीको हातमा नयाँ संविधान दिनु आजको आम आवाज हो ।

\+ \+ \+

## जेठ १४ गते

– अनुपा रिजाल, रूपन्देही

एसियाको माझमा, हिमालको काखमुनि, दुई विशाल राष्ट्रबीच रहेको सानो देश हो नेपाल । भौगोलिक हिसाबले सानो भए पनि राजैनैतिक प्राकृतिक र परम्परागत हिसाबले निकै विविध छ ।

यो राष्ट्रले समयको कालान्तरदेखि नै निकै परिवर्तनको अवलोकन गरिरहेको छ । बाह्र वर्षको लामो पीडादायक जनआन्दोलनपछि शक्तिमा आएको माओवादी पार्टीको मद्दतले १९ दिने जनआन्दोलन भयो । सोहीको उपजअनुरूप आज हामीले गणतन्त्रको मुहार देख्न पाएका छौँ । आम नेपाली जनताको इच्छा र चहानाले गर्दा नै देशमा नयाँ राज्य व्यवस्था कायम भयो र नयाँ संविधानको लेखन कार्य पनि सुरु भयो । नेपालीले आफूले चाहेको अनुसारको संविधान बन्ने दिन हो "जेठ १४ गते" ।

संविधान राज्यको कानुनको खाकामात्र नभएर हरेक नागरिकको सुरक्षा र आवाज पनि हो, आम नेपाली जनताहरूले कहिले पनि आफ्नै हिसाबले संविधान लेख्न पाएका छैनन् । कहिले जहानियाँ राणा शासनको डरमा, त कहिले पुरातन राजावादी प्रवृत्तिमा लेखिएका संविधानले कहिले पनि जनताको बोली बोलेनन् । तसर्थ जनता सधैँ रैती नै भइराखे । तर अहिले प्रथमपटक जनताले छानेका प्रतिनिधिबाट संविधान तयार पारिँदै छ । जेठ १४ गते २०६७ को अल्टिमेटम राखेर बनाउन लागेको संविधानप्रति नेपालीको ठूलो आशा छ ।

हरेक नेपाली संविधानमा आफ्नो र राष्ट्रको अस्मिताको रक्षा भएको हेर्न चाहन्छन् । युद्धकालमा शहीद भएर वीरगति प्राप्त गरेका सन्ततिहरूको आत्मा बसेको छ यस संविधानमा । भोका र नाङ्गा आफ्नो खाने र बाँच्ने अधिकार खोज्दै छन् । राज्यको जटिल समस्यासँगै हरेक व्यक्तिको समस्याको हल र जनआवाजको प्रतिनिधि गर्ने संविधानको प्रतिक्षामा छन् आम नेपाली । तर अहिलेको जटिल अवस्था र राजनैतिक अस्थिरताको स्थिति देख्दा जेठ १४ को घाम संविधान बिना नै उदाउँछ भन्ने डर सबैमा छाएको छ ।

शान्ति, समझदारी, समृद्धि र संविधान बनाउन हिँडेका हाम्रा सारथीहरू बीचमै अलमलिएका छन् । जेठ १४ नजिकिँदै जाँदा हाम्रा प्रतिनिधिहरू संविधानसभाबाट टाढा हुन थालेका छन् । सहमति र मिलिजुली राष्ट्रको समस्या र जनताको आवाज उठाउनुपर्ने बेलामा कोही सडक तताइरहेका छन् त कोही कुर्सी नचाइरहेका छन् । अपरिपक्वता र क्षणिक स्वार्थ लोलुपताका पछाडि लागेर हाम्रा नेताहरू संविधान निर्माणको यो ऐतिहासिक र महत्त्वपूर्ण कामलाई पन्छाइरहेका

छन् । संविधान बनाएर देशमा कानुनी व्यवस्था चलाउनुपर्ने बेलामा देशलाई विखण्डनतर्फ डोऱ्याइरहेका छन् । सधैँको हडताल र बन्दले गर्दा खानलाउन पनि गाह्रो परेको बेला धेरैले संविधान बेलैमा बन्ने कुरामा विश्वास राख्दैनन् ।

"जति जोगी आए पनि कानै चिरेका" भनेझैँ कतिपय नेपालीमा जो नेता या सरकार आए पनि संविधान बन्दैन भन्ने मानसिकता छाएको छ । दलगत स्वार्थ, सत्ताको मोह, र मेरो गोरुको बाह्रै टक्का भन्ने बानीले गर्दा आज संविधान निर्माण ओझेलमा परेको छ । अझ थुप्रै काम गर्न बाँकी नै छ । हरेक अँध्यारा कुनामा रहेका नेपालीको बोली उतार्न बाँकी छ । राष्ट्रलाई समुन्नत पार्नका निम्ति गर्नुपर्ने कार्यको बारेमा छलफल बाँकी नै छ । तर काम थाती राखेर, जनतालाई ओझेलमा पारिरहेका छन् हाम्रा नेताहरू । आफ्ना सन्तति गुमाएकी आमालाई कति आस छ होला अहिलेको संविधान निर्माणप्रति । तर सबैलाई पन्छाएर प्रतिनिधिहरू भने बालहठ गरिरहेका छन् ।

जेठ १४ गते संविधान बनेन भने यो राष्ट्रमा सधैँ अन्योलताको स्थिति आउने छ । जनताले प्रतिनिधिप्रतिको आस्था गुमाउने छन् भने नेताहरूले जनताको मन गुमाउने छन् । जेठ १४ गते केवल संविधानको प्रकाशन मात्र नभएर हाम्रा प्रतिनिधिहरूको परीक्षाको पनि दिन हो । विश्वास गरी पठाएका प्रतिनिधिले हाम्रो काम गरे कि गरेनन् भनेर हेर्ने दिन हो । तसर्थ जेठ १४ गते नेपाली कालखण्डको निकै महत्त्वपूर्ण दिन हो । यो दिनले आफूसँग शहीदको सपना, जनताको चाहना र न्यायको प्रत्याभूति बोकेको छ । यस दिनका निम्ति यो राष्ट्रले अनेकौँ हिँसा भोगेको छ, त्राहीत्राहीको स्थितिको सामना गरेको छ । नेताहरूले यो मर्मलाई बुझी संविधान निर्माण काममा एकताका साथ लाग्नुपर्छ ।

"हामी यो राष्ट्रको छातीमा उभिएका छौँ हाम्रो पनि छातीमा यो राष्ट्र हुनुपर्छ" भन्ने कुरा बुझी हाम्रा सारथीहरूले काम गरे भने जेठ १४ गते अवश्य पनि नयाँ संविधान साथ लिएर नयाँ र सम्वृद्ध नेपाल बन्ने बाटोमा लाग्छ । हेरौँ जेठ १४ ले नेपालीलाई सुनौलो भविष्यतर्फ डोऱ्याउँछ कि तनाव र अँध्यारोतर्फ लम्ब्याउँछ ।

\+ + +

# जेठ १४ गते

– सुजन सुवेदी, धनकुटा

नेपाली इतिहासमा जेठ १४ भन्ने दिन धेरै गए। भविष्यमा पनि आइरहने छ र बितिरहने छ। तर २०६७ सालको जेठ १४ फरक दिन हो। यो दिन नेपाली इतिहासको कुनै कालखण्डमा विशेष दिनका रूपमा सम्झिरहनुपर्ने दिन हुने छ। यो दिनमा नेपालले एउटा अग्रगामी, समावेशी र जनप्रिय संविधानको आस गरेको छ।

नेपाली लोकतान्त्रिक आन्दोलनले विगत धेरै दशकदेखि संविधानसभामार्फत नेपाललाई त्यस्तो अग्रगामी संविधान दिने रट लगाए पनि जहिल्यै पनि केही मानिसको इच्छापूर्तिका लागि संविधानसभाको मुद्दा तुहाइन्थ्यो। तर २०६४ चैत २८ गते मात्र जनताको पहिलेदेखिको त्यो इच्छाले मूर्तरूप लियो। तत्कालीन सात दल र माओवादीको संयुक्त पहलले संविधानसभाको निर्वाचन सफल भयो। त्यही संविधानसभामार्फत नेपाली जनताले आफ्नो संविधान पाउने मिति हो, २०६७ जेठ १४।

नेपालमा पृथ्वीनारायण शाहले राज गर्दादेखि नै जनताले सुखको अनुभूति प्राप्त गर्न सकेका थिएनन्। पछि, झन् राणाशासनले १०४ वर्ष पिल्सिएको नेपालका लागि भविष्यको बाटो अन्धकारमय नै थियो। यो यथार्थबाट कोही पनि भाग्न सक्दैन। तर जब २००७ सालमा राणा शासनको अन्त्य भयो र तथाकथित प्रजातन्त्रको आरम्भ भयो, त्यसले त झन् नव-रजौटाहरूलाई टेवा पुऱ्यायो। राजा त्रिभुवनले २००७ सालमा संविधानसभाको निर्वाचन गर्ने घोषणा गरे पनि समय लाग्ने बहानामा त्यत्तिकै तुहाइयो। तत्कालीन काङ्ग्रेसले पनि हतियारको भरमा सत्ताको अंशबण्डा त पायो तर ऊ पनि संविधानसभाको ऐतिहासिक कार्यभारबाट पछि हट्यो। तत्कालीन अवस्थामा २०१७ सालसम्म पनि यसको निर्वाचनको सुनिश्चितता भएन। तर जब राजा महेन्द्रले राजनीतिक कु गरेर सत्ता हातमा लिए तबमात्र यसको महत्त्व दर्सन थाल्यो। पञ्चायती व्यवस्थामा नेपाली जनतालाई अधिकार दिने नाममा झनै दु:ख दिइयो। पछि जब २०३६ सालमा फेरि प्रजातन्त्रका लागि आन्दोलन भयो, त्यतिबेला पनि झूटो

जनमत सङ्ग्रहको हौवा फिँजाएर राजतन्त्रले जनतालाई नराम्रोसँग पछ्यायो। अनि फेरि संविधानसभाको महत्त्व उजागर भयो।

तर निरङ्कुश पञ्चायत सहँदासहँदै २०४६ सालसम्म नेपालले राम्रो संविधान पाउन सकेन। त्यसपछि २०४६ सालमा फेरि नेपालीले एउटा भीषण आन्दोलनको आँधीबेहरी ल्याए; राम्रो र हाम्रो संविधानका लागि। तर फेरि पनि संविधानसभाको निर्वाचन हुन सकेन र पूर्ण प्रजातान्त्रिक संविधानका नाममा राजालाई पक्षपोषण गर्ने संविधान थोपारिइयो, नेपाली जनताको थाप्लामा। त्यसपछि, तत्कालीन काङ्ग्रेस, मालेलगायत अरू दलहरूले पनि राजाको अगाडि झुके र संविधानसभाको विषयलाई फेरि तुहाए।

अनि नेपालमा २०५२ साल फागुन १ गतेदेखि माओवादीले देशव्यापी जनयुद्धको थालनी गरे। ४० बुँदे माग राखी थलिएको आन्दोलनको एउटा प्रमुख लक्ष्य संविधानसभाका मार्फतबाट अग्रगामी संविधान पनि एउटा थियो। माओवादीको दशक लामो जनयुद्ध र १० औँ हजार मानिसको बलिदानबाट नेपालीले आफ्नै हातबाट संविधान लेख्ने सुनौलो अवसर पाए। त्यसै अनुरूप २०६४ साल चैत्र २८ गते संविधानसभाको निर्वाचन सम्पन्न भयो।

२०६१ साल मङ्सिरमा गरिएको १२ बुँदे सहमतिमा तत्कालीन सात दल र माओवादीले लोकतन्त्रप्रतिको आफ्नो प्रतिबद्धता जाहेर गरेका थिए। त्यसअनुरूप लोकतान्त्रिक संविधान बनाउने सहमति पनि भएको थियो।

२०६४ सालको निर्वाचनमा माओवादीले ६०१ सदस्यीय संविधानसभामा २२० स्थान ल्याएर सबैभन्दा ठूलो दल बन्यो। ठूलो दल बनेको उन्मादले होला, माओवादी अहिले चिनियाँ मोडेलको जनवादी संविधान ल्याउन खोजिरहेका छन्। यसले गर्दा नै नेपालमा जेठ १४ गते संविधान आउने सम्भावना शून्यप्राय: भएको छ। हुन त सरकारको नेतृत्व २०६६ साल वैशाखमा छोडेपछि नै माओवादीले आफ्ना सहयात्री दललाई गालीगलोज गर्ने, हेप्ने गरेकाले विश्वासको सङ्कट उत्पन्न भएको छ। यसले गर्दा उसमाथि जनविश्वास पछि घट्दै गएको छ भने अन्य दलले पनि माओवादीलाई सत्ता कब्जाको बाटोमा लागेको भन्दै अविश्वास बढ्दै गएको छ। यही अविश्वासको

खाडलले गर्दा नै अहिले संविधान नबन्ने खतरा बढेको छ भने जेठ १४ गते संविधानसभा विघटन हुने सम्भावना पनि बढेको छ।

जेठ १४ नजिकिँदै गर्दा संविधान बनाउने जिम्मेवारी लिएर गएका २५ दलहरू अतिवादी भासमा भासिन थालेकाले नेपालको भविष्य अन्धकार छ कि भन्ने आशंका व्याप्त छ। तर, २ वर्षको मात्र म्यान्डेट बोकेको यो संविधानसभाको म्याद थप गर्नुपर्ने विचार पनि अगाडि आइराखेका छन् भने विभिन्न कोणबाट अब यो सभाको म्यान्डेट सकिएकाले नयाँ जनादेशका लागि अर्को निर्वाचन गर्नुपर्ने आवाज पनि उठेका छन्।

जे भए पनि नेपालले एउटा अग्रगामी संविधान चाहेको छ र यसका लागि सबै दलहरू एकै ठाउँमा आउन अनिवार्य छ।

संविधानसभामा ११ ओटा समिति उपसमितिहरू छन्। आजका मितिसम्म पनि ८ ओटा समितिहरूको प्रतिवेदन संविधानको मस्यौदा तयार गर्ने समिति, संवैधानिक समितिमा नआउनुले जेठ १४ गते नेपालले अग्रगामी संविधान पाउने आशा गर्नु निरर्थक जस्तै देखिन्छ।

आज पनि माओवादीमा युद्धको जस्तै धङधडी व्याप्त छ भन्ने भान हुन्छ, जनतालाई। यसले पनि सबैभन्दा ठूलो दल माओवादीको साख घट्दै गएको अनुभूत गर्न सकिन्छ। संविधान निर्माण गर्न सबै धारा। उप-धारामा संविधानसभा सदस्यको ६६% आवश्यक रहन्छ। तर माओवादीबेगर यो सङ्ख्या पुग्नै सक्दैन। त्यसैले माओवादीलाई एक्ल्याएर नयाँ संविधान जेठ १४ मै आस गर्नु मूर्खता हुने छ।

नेपालको यस गौरवशाली इतिहासको पाङ्ग्रालाई पछाडि धकेल्ने उद्देश्यले विभिन्न प्रतिक्रियावादीहरू र प्रतिक्रान्तिकारीहरू लागिरहेका छन्। त्यसैले यस्तो परिस्थितिबाट जोगिनका लागि नेपालका सबै राजनैतिक दलहरूको मेलको विकल्प छैन।

जेठ १४ गते जारी हुनुपर्ने संविधानमा नेपाली जनताले मैलिक हकहरूको प्रत्याभूति पाउनुपर्छ। विश्वमा प्रचलित लोकतान्त्रिक मूल्य र मान्यतालाई संविधानमा लिपिबद्ध गर्ने अधिकार नेपाली जनतासँग मात्रै छ। आफ्नो र राम्रो संविधानको त्यो सुनौलो दस्तावेज पाउनुभन्दा अगाडि नै जनताले भासमा खसेको अनुभूति गरिराखेका छन्। खबरदार

नेताहरू, जुन हातले जनताले तिमीहरूलाई सत्तामा पुऱ्याएका थिए, जनताले तिनै हातले अब तिमीहरूलाई नङ्ग्याउने बेला आएको छ। जनताले अब जाग्नुपर्छ।

जेठ १४ गते नेपालमा संविधान बनेन भने नेपालमा अतिवादी हावी हुने निश्चितप्राय: छ। त्यसपछि नेपालमा हिंसा भड्किने अवस्था पनि सिर्जना हुन सक्ने छ। जातिजातिबीच झगडा र किचलो सुरु हुन सक्ने छ। देशमा संविधानको सर्वोच्चता मेटिन सक्ने छ। देश एउटा संविधानत: सङ्कटमा पर्न सक्ने छ र देश एउटा अराजक स्थितिमा पुग्न सक्ने छ। यसले देश र जनतालाई राम्रो गर्नै सक्दैन।

वी.पी. कोइरालाले एकपटक भनेका थिए, "जब देशको र जनताको बारेमा महत्त्वपूर्ण निर्णय गर्नुपर्ने अवस्था आउँछ, तब छेऊको माटो हातमा एक मुट्ठी लेऊ, आफ्नो अन्तर्मनलाई सोध, शहीदहरूको रगतलाई सम्झ र जनतालाई सोध, जे उत्तर आउँछ त्यही गर।" हो आज यो हरेक देशभक्त जनतालाई सान्दर्भिक लाग्छ। किनभने नेपालका तथाकथित लोकतान्त्रिक दलहरूले नेपालीलाई ठग्दै छन्। अब सबै नेपाली जाग्नुपर्छ।

जेठ १४ गते संविधान नआउने कुरा गर्दा धेरै राम्रा र नराम्रा सम्भावना पनि छन्। विश्वको इतिहासले यो पुष्टि गर्छ। कम्बोडियामा १९७७ मा कम्युनिस्टहरूले नरसंहार र सत्ता कब्जा गरेपछि १२ वर्ष अगाडि फालिएको राजतन्त्र ब्युँतिएको थियो। नेपालमा पनि अतिवादी हाबी भए यही अवस्थालाई पनि जेठ १४ ले निम्त्याउन सक्छ। तर, फेरि नामिबियामा १९ वर्षसम्म पनि संविधान नबनेको र विद्रोही लडाकु समायोजन नभएको इतिहास सुन्दा आस जाग्न सक्छ।

अत: नेपाललाई अब यो अवस्थाबाट उकास्न दलीय सहमति अपरिहार्य छ। सहमतिका आधारमा संविधानसभाको म्याद थपेर संविधान निर्माण गर्नु आजको आवश्यकता हो। जेठ १४ गते नेपाली इतिहासमा सुनौलो घडी पनि हुन सक्छ; तर यो नेपाली जनताका लागि अभिशाप पनि हुन सक्छ। यी सबै कुरा भए पनि जेठ १४ गतेसम्म नै अग्रगामी र लोकतान्त्रिक संविधान निर्माण गर्नु नै बुद्धिमत्ता हुनेछ।

\+ + +

# जेठ १४ गते

– सुजन थापा, लमजुङ

नेपालको इतिहासको एक अत्यन्तै महत्त्वपूर्ण मितिको रूपमा रहेको छ मिति २०६७ जेठ १४, जुन दिनले नेपालको इतिहासको परिणाम र भविष्यको खाका उजागर गर्नेछ। २०६३-२०६६ सालको जनआन्दोलन, दस वर्षको जनयुद्ध, राजतन्त्रको विसर्जन, सहिदहरूको सपना र सम्पूर्ण नेपालीहरूको आशालाई स्थापना गर्ने साथै अब आउने समयमा राष्ट्र कतातिर जाने भन्ने कुराको निधो गर्ने मिति हो जेठ १४। उक्त दिन नेपालले आफ्नै लोकतान्त्रिक पारामा लेखिएको संविधान प्राप्त गर्ने मिति हो।

शताब्दीऔँदेखि नेपाल एक राजतन्त्रात्मक मुलुकको रूपमा रहेको थियो। राजालाई ईश्वरसमान मानेर पुज्ने अनि उसका पापलाई नदेखी हरेक कार्यलाई पुण्यजस्तो मानेर नेपाली जनता अन्याय र अत्याचारको निरङ्कुश शासनमा पनि साधुजसरी बाँचिरहेका थिए। उक्त शासनमा जनताको हकको पक्षमा पनि कामहरू हुने गर्थे तथापि पूर्ण स्वतन्त्रता के हो भनी जनताले जान्न भने पाएका थिएनन्। बेलाबेलामा यो निरङ्कुश शासनविरुद्ध क्रान्तिको विगुल फुकिन्थ्यो तर त्यो विगुलको ध्वनि कहाँ हराउँथ्यो, पत्तै हुँदैनथ्यो।

१०४ वर्षसम्म जहानियाँ राणा शासनलाई वि.सं. २००७ मा सधैँका लागि अन्त्य गरेपछि नेपालमा प्रजातन्त्रको स्थापना भयो। अनेकौँ ज्ञात-अज्ञात सहिदहरूको बलिदान, थुप्रै नेपालीहरूको सङ्घर्षको बलमा स्थापना भएको प्रजातान्त्रिक शासनमा पनि जनताले सुखको अनुभूति गर्नबाट वञ्चित नै रहनुपर्‍यो। पछि राजाद्वारा बहुदल हटाएर सीधा शासन गर्न थालेपछि नेपालको स्थिति झन् कमजोर हुँदै गयो। राजाको निर्मम शासन, राजनीतिबाट गरिएको दूरीले गर्दा पुनः एकपटक फेरि आन्दोलन भयो २०४६ सालमा। छयालीस सालको आन्दोलनले नेपालमा बहुदल त स्थापना गरायो तर टाठाबाठा नेताहरूले यसलाई पनि आफ्नो खल्तीमा राखेर हिँड्न थाले। जनता जहाँको तहीँ तर नेताहरूले खुब प्रगति गरे आफ्नो इमान बेचेर, राष्ट्रको पनि खासै उन्नति हुन सकेन।

यही निराशाको फलस्वरूप वि.सं. २०५२ सालदेखि नेपालमा सशस्त्र द्वन्द्वको सुरुवात भयो। गरिखाने मानिसहरूको श्रम र सीपको उचित मूल्याङ्कन गर्न र समाजमा समानता कायम गर्न गरिएको उक्त द्वन्द्व करिब दस वर्षसम्म लम्बियो। यो द्वन्द्वले अनगिन्ती नेपाली नागरिकहरूको ज्यान मात्र लिएन, राष्ट्रलाई पनि एक दसकसम्म अघि बढ्नबाट विमुख गरायो। यसबीच २०५८ सालको दरबार हत्याकाण्डले राजसंस्थाप्रति रहेको आस्था र मानलाई पनि मेटायो। अनि लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्न पुन: नेपाली जनताहरूले आन्दोलनको बाटो पहिल्याउनुपर्‍यो। २०६२-२०६३ सालको आन्दोलनमा सम्पूर्ण नेपाली जनताहरू यहाँसम्म कि रगतको खोलो बगाउन जङ्गलमा उत्रिएका कमरेडहरू पनि हतियार त्यागेर सडकको शान्तिपूर्ण आन्दोलनमा सहभागी भए। यो आन्दोलनको अथाह शक्तिका बाबजुद राजसंस्थाले घुँडा टेक्नुपर्‍यो र वि.सं. २०६६ वैशाख ११ गते नेपालमा लोकतन्त्रको स्थापना भयो। यसपश्चात् द्वन्द्वमा लागेकाहरू पनि सम्झौताको बाटो पहिल्याएर सहमतिको साझा पक्षमा आउन तयार भए, जसले गर्दा शान्ति सम्झौतामा हस्ताक्षर गरी नेपालमा सशस्त्र द्वन्द्वको अन्त्य भयो र क्रान्तिको ध्वजा फहराइयो।

अब २०४६ सालको संविधानलाई थन्क्याएर राष्ट्रलाई नयाँ ढङ्गले नयाँ बाटोतर्फ लैजान नयाँ संविधानको आवश्यकता पर्‍यो। यसैका लागि चुनाव गराएर नेपालको कुनाकाप्चाबाट हरेक नेपाली वर्गको प्रतिनिधित्व गर्ने सभासद् चुनेर नयाँ संविधान निर्माण गर्ने जिम्मेवारी सुम्पिइयो र अबको संविधानको निर्माणको समापन गर्ने समयका रूपमा तोकियो २०६६ जेठ १४ गते। तसर्थ यो मितिमा नेपाल मुलुकले भोगिआएको सम्पूर्ण इतिहासको सार बोकेको छ।

जेठ १४ गते नेपालले आफ्नो सार्वभौमसत्ताको प्रतीक प्राप्त गर्ने छ, एउटा मुलुक हुनुको काइदा पक्रने छ र नेपालीहरूले संसारमा नेपाललाई चिनारी दिने खुड्किला टेक्ने छन्। यो दिन हाम्रो हातमा यस्तो संविधान हुने छ, जसले हिजोको इतिहास र भोली भविष्य बोलेर वर्तमानमा चल्ने छ। उक्त संविधानमा हरेक वर्गको लागि स थान हुने छ। जातजाति, धर्म, लिङ्ग, वर्गका साँघुरा विवादबाट माथि उठेर हरेक नेपालीको भागमा समान हक र अधिकार सुनिश्चित

गरिने छ । विभेद, अराजकता, असमानता जस्ता कुराको अन्त्य हुने छ र समता र शान्ति कायम हुने छ । उक्त मितिमा नेपालले प्राप्त गर्ने वैधानिक कोरा कागजहरूले नेपालको पुनर्निमाण गरेर विकासको बाटोतर्फ जाने मार्गनिर्देशक बन्ने छ ।

हुन त आजको मितिसम्म नेपालले संविधानको मस्यौदा प्राप्त गरिसक्नुपर्ने हो तर अनेक कारणका बाबजुद संविधान लेखनमा ढिलाइ भइरहेको छ । यदि यही चाल रहिरहने हो भने जेठ १४ गतेको म्यादलाई पनि लम्ब्याएर अरू समय थप्नुपर्ने छ र राष्ट्रमा विचलन आउन सक्नेछ, जसले नेपाललाई भुमरीमा रुमल्याइराख्न सक्छ । तसर्थ हरेक नेपालीले आफ्नो ठाउँबाट सक्दो प्रयास गरेर सरकारलाई संविधान लेखनमा हौस्याउनुपर्छ र राष्ट्रलाई चाहिने कानुन नियमको परिपूर्ति गर्नुपर्छ । यदि यसो हुँदैन भने राष्ट्रमा पुन: अराजकताको हुरीले बबन्डर मच्चाउन सक्छ र विद्रोहको खेलमा फेरि सशस्त्र द्वन्द्व सुरु हुन पनि बेर लाग्दैन । त्यसैले हरेकले आफ्नो स्थानबाट जेठ १४ गतेको सफलताको लागि कदम चाल्नुपर्छ ।

*"एक युगमा एक दिन एकपटक आउँछ,*

*उलटपुलट, उथलपुथल, हेरफेर ल्याउँछ ।"*

प्रस्तुत अंशको सार बोकेको जेठ १४ गते नेपाली जनताको सङ्घर्ष, अनेकौँ ज्ञातअज्ञात सहिदहरूको बलिदान र तपस्याको फल प्राप्त हुने दिन हो । उक्त दिन नेपालले आफ्नो समयसापेक्ष संविधान प्राप्त गर्ने पावन समय हो, जसले नेपाल र सम्पूर्ण नेपालीहरूको भविष्य निर्धारण गर्ने छ । अत: यस्तो गरिमामय मितिलाई सफल तुल्याउन हरेक नेपालीले आफ्नो सङ्घर्ष जारी नै राख्नुपर्छ, जबसम्म नेपालीहरूको हातमा सुशासन, सुव्यवस्था र कानुनको अस्त्रसरह संविधान आइपुग्दैन । तसर्थ जेठ १४ लाई सफल तुल्याउन, आजसम्म गरिआएका परिश्रम र लगनको टुङ्गो लगाउन, हेरक नेपालीको सङ्घर्षलाई नाम दिन दस वर्ष लामो जनयुद्ध, सडकमा उत्रिएर गरिएका आन्दोलन, राजतन्त्रको विस्थापन साथै अब आउने भविष्यको सामना गर्न जेठ १४ लाई सफल पार्नै पर्छ र भएन भने पनि आफ्नो सङ्घर्षलाई जारी राखेर राष्ट्रको मुहार फेर्न तयार रहनुपर्छ ।

\+ + +

# जेठ १४ गते

– उदय तिवारी, कास्की

गौतम बुद्धको शान्ति, सगरमाथाको उचाइ र प्राकृतिक मनोहरताले चिनिएको नेपाल, आज फेरि विश्वसामु एउटा नयाँ चिनारी थप्न सफल भएको छ। विदेशी उपनिवेश भोग्न नेपालीलाई परेन तर विभिन्न समयमा नेपाली देशभित्रकै क्रूर शासकहरूको विरुद्धमा लड्न बाध्य भएका थिए। ६ दशक लामो सङ्घर्ष र बलिदानपछि नेपाली जनताले आज नौलो लोकतान्त्रिक अभ्यास गर्न पाएका छन् र वीर गोरखाली भनेर चिनिँदै आएका नेपाली अब 'लोकतान्त्रिक सेनानी' भनेर चिनिने छन् र नेपाललाई भनिने छ– '२१ सौं शताब्दीको नयाँ लोकतान्त्रिक अभ्यासको उद्गम थलो।' नेपाली जनताको जितलाई संस्थागत गर्ने दिनहरूमध्येको एक महत्त्वपूर्ण दिन हो। २०६५ साल जेठ १४ गते संविधानसभाको पहिलो बैठक बसेको थियो र यही बैठकले विभिन्न क्रान्तिकारी घोषणाहरू गरेको थियो।

संविधानसभा प्राप्त गर्ने नेपाली जनताले निकै लामो सङ्घर्ष गर्नुपरेको थियो। २००७ साल, जब नेपाली जनताको आन्दोलनको बलले राणा शासनलाई पाखा लगायो, ठीक त्यही समयदेखि नै नेपाली जनताले संविधानसभाको सपना देखेको थियो। तर त्यस समयमा देशी-विदेशी यथास्थितिवादी र प्रतिक्रान्तिकारीहरूको चलखेलले नेपाली जनताको सपना पूरा हुन दिएन। त्यसपछि भएका राजनीतिक परिवर्तनले पनि खासै जनताको लोकतन्त्रको तिर्खा मेट्न सकेन। नेपालमा शसस्त्र क्रान्तिको खाँचो छ भन्दै २०५२ सालमा तत्कालीन नेकपा माओवादी जङ्गल पस्यो। फेरि तत्कालीन संसद्वादी दलहरू पनि लोकतान्त्रिक अभ्यासमा सफल हुन सकेनन्। नेपालका राजनीतिक दलहरूको आपसी मनमुटावबाट फाइदा लिई तत्कालीन राजा ज्ञानेन्द्र शाहबाट सत्ता कब्जा गर्ने काम भयो। लोकतान्त्रिक सरकारलाई हटाएर राजाले आफ्नै नेतृत्वमा सरकार बनाए र एकलौटी शासन गर्ने सपना देखे।

नेपाली जनताले वि.सं. २०४६ सालमा संवैधानिक राजसंस्थाको घेराभित्र बस्न दिएको जनादेशलाई राजाले स्विकार्न चाहेनन्

र शाही शासकहरू फेरि जनताको अधिकार खोस्न तत्पर भए। तर नेपाली जनतामा राजनीतिक चेतना आइसकेको थियो र जनता राजसंस्थाको क्रूर दमन सहन राजी भएनन्। तत्कालीन परिवेशमा नेकपा माओवादीको सशस्त्र आन्दोलनले चर्को रूप लिएको थियो। नेपालका राजनीतिक दल र माओवादीका बीचमा भारतको राजधानी नयाँ दिल्लीमा सहमति भयो; राजसंस्थाका विरुद्धमा एकजुट भएर लड्ने निर्णय भयो र राजसंस्थाका विरुद्धमा आन्दोलन सुरु भयो। शान्तिपूर्ण रूपमा सडकमा निस्किएका जनतालाई राज्यपक्षले ताता गोलीको उपहार दियो। पोखरामा भीमसिन दाहाल, नेपालगन्जमा सेतु वि.क. र देशका अरू विभिन्न भूभागहरूमा हजारौँ नेपाली जनताको रगत चुहियो। जनतालाई बन्दुकको गोलीबाट शासन गर्न सकिन्छ भन्ने नेपालको राजसंस्था जनताका आन्दोलनअगाडि झुक्नै पर्‍यो। जनतालाई मारेर शासन गर्ने सपना देखेका तानाशाहहरू जनताको अगाडि घुँडा टेक्न बाध्य भए।

राजनीतिक दलहरूको मागबमोजिम संसद् पुर्नस्थापना भयो र त्यो संसद्ले संविधानसभाको निर्वाचन गर्ने निर्णय गर्‍यो। तदनुरूप नेपालमा संविधानसभाको चुनाव भयो। निर्वाचित प्रतिनिधिहरूले बनाएको संविधानसभाले नेपालबाट राजसंस्था हटेको र नेपाल गणतान्त्रिक मुलुक भएको घोषणा गर्‍यो र २०६७ साल जेठ १४ गतेभित्र नयाँ नेपालको नयाँ संविधान बनाउने कार्य पायो।

तर समय बित्दै जाँदा दलहरू फेरि एकआपसमा लड्न थाले र जनताको समृद्धि र सुशासनको चाहना पूरा नहुने हो कि भन्ने शङ्का चारैतिर उब्जन थालेको छ। जनताको साहसपूर्ण आन्दोलनले प्राप्त उपलब्धिहरू फेरि खोसिने सम्भावना निकै बढेको छ।

जेठ १४ गते नेपाली जनताले नयाँ संविधान पाउने ठूलो सपना देखेका थिए। २०६७ साल जेठ १४ गतेपछि नेपाल विकास र समृद्धिको दिशामा अगाडि बढ्ने छ भन्ने सपना धेरै नेपालीले देखेका थिए। तर, के अब 'जेठ १४ गते' नेपालीको सपनामात्र हुने हो ? आज हरेक नेपालीको मनमा यो प्रश्न उब्जिएको छ। जनताहरू यस प्रश्नको उत्तर नेताहरूसँग खोजिरहेका छन्।

२०६७ सालको जेठ १४ गते नेपाली जनतालाई अग्रगामी संविधान दिन नसके पनि अर्को जेठ १४ मा भने नेपाली जनताले

आफूले रोजेजस्तै संविधान पाउनुपर्छ। समग्रमा भन्नुपर्दा जेठ १४ गते कुनै दिनजस्तो नभएर नेपाली जनताले देखेको सपनाको रूपमा चिनिएको छ। जेठ १४ गते भन्नेबित्तिकै हरेक नेपालीको मनमा शान्ति र अग्रगमनका लागि नयाँ संविधान भन्ने कुरा आउँछ। त्यसैले जेठ १४ नेपाली जनताको सपना र आकाङ्क्षा हो र जेठ १४ को सपना प्राप्त गर्ने हरेक नेपाली सफल रहनु हो।

\+ + +

## जेठ १४ गते

– सञ्जय पौडेल, चितवन

वर्षका ३६५ दिनहरूमध्ये एकदिन जेठ १४ सुन्दा सामान्य लाग्छ तर नेपालको यो सङ्क्रमणकालीन अवस्थामा यसले ठूलो महत्त्व बोकेको छ। आजकल हरेक राजनीतिक पार्टीहरूका नेताहरूको मुखमा थेगोजस्तै बनेको छ यो जेठ १४। धेरैजसो पत्रपत्रिकाको मुख्य समाचार शीर्षक बनेको छ यो जेठ १४। देशभक्तिको ओठेभक्ति देखाउने र कोणगफ गर्ने ढोँगी नेताहरूलाई यसको महत्त्व खासै नलाग्ला तर नेपालको वर्तमान परिप्रेक्ष्यमा जेठ १४ को ठूलो महत्त्व छ। जेठ १४ वास्तवमा नेपाल र नेपाली जनताले लामो समयदेखि प्रतीक्षारत समयको माग र जनताको आकाङ्क्षाअनुरूपको संविधान उद्घोष गर्ने दिन हो। जनआन्दोलन भाग २ मा वीर योद्धा जो लोकतन्त्रका लागि आफ्नो व्यक्तिगत स्वार्थलाई तृणवत् गन्दै दिलोज्यान दिए, उनीहरूकै सम्मानको द्योतक हो, उनीहरूको स्वर्णिम सपना हो।

जनताको मत चिनेर र जितेर संविधान बनाउने उच्चतम जिम्मेवारी बोकेर संविधानसभामा भाग लिने ६०१ सभासद्लाई अन्तरिम संविधान २०६३ अनुसार नयाँ संविधान जारी गर्न दिइएको मिति २०६६ साल जेठ १४ हो। जेठ १४ हेर्दाहेर्दै नजिकै आइसक्यो तर यो देशको विडम्बना ! यस्तो गहन जिम्मेवारी बोकेर संविधान बनाउन तम्सिएका सभासद्हरूमा जिम्मेवारीबोधको र तदारुकताको अभावका कारण संविधान समयमै जारी हुनेमा शङ्का छ। जनताको करको तलब खाने तर जनताले जुन कामको लागि पठाएको त्यो कर्तव्यबाट विमुख हुने सभासद्हरू जनताप्रति उत्तरदायी हुने कि

नहुने ? "जनताको म्यान्डेट"अनुसार काम गर्ने र जनतालाई सम्पूर्ण हकअधिकार सुनिश्चित गर्ने खालको संविधान बनाउने प्रत्याभूति दिने नेताहरू सत्तासमीकरणमा व्यस्त छन् । उनीहरूलाई देशका जनताभन्दा आफ्नै स्वार्थ प्यारो छ, पाखा र पखेराभन्दा प्राडो र पजेरोहरू प्यारा छन् । सत्ताको मोहबाट ग्रसित नेताहरूको पारा देखेर जेठ १४ मा संविधान जारी हुनेमा धेरै शङ्का छ । यसको मुख्य जिम्मेवारी दलका नेताहरूले लिनुपर्छ, जसमा जिम्मेवारीबोधको कुनै भावना मौलाएकै छैन । अझ हाम्रो देशमा संसद्बाट होइन, सडकबाट संविधान जारी गर्छौं भन्ने नेताहरूको पनि कमी छैन । नीलाम्बर आचार्यको अध्यक्षतामा गठित संवैधानिक समितिले आफ्नो कार्य थाले पनि यसको कुनै लेखाजोखा छैन । नेताहरू आफ्नो परमकर्तव्यबाट विमुख हुनाले आज देश यस्तो भयावह स्थितिमा आइपुगेको छ । एकथरी दल भन्छन्– "१४ जेठमा संविधान नबने आकाशै त खस्दैन" तर अर्को कुनाबाट अर्का भन्छन्– "जेठ १४ मा संविधान नबने आकाश नखसे नि देश चुर्लुम्म डुब्छ ।" यसरी आआफ्नै तर्कवितर्क गर्दै नेताहरू जेठ १४ को महत्त्व बिर्सिंदै छन् ।

जेठ १४ गतेपछि हुनसक्ने घटनाको अड्कलबाजी खुब चल्छन्, नेताहरूबीच पनि र जनताबीच पनि । कोही भन्छन् जेठ १४ पछि राष्ट्रपति शासन चल्छ, सेनाले कु गर्छ त कोही भन्छन् सहमतिको सरकार बनाइहाले त्यो घटना आउन पाउँदैन ।

यसरी जेठ १४ पछिको परिकल्पना गर्ने नेताहरूले आपसी झैझगडा गर्ने त्यस समयलाई संविधान बनाउने कार्यमा अहोरात्र खटिएको भए सायद जेठ १४ भन्नेबित्तिकै यति भयावह भइहाल्नु पर्ने दिन आउने थिएन । जेठ १४ पछि नेपालमा ठूलो राजनैतिक सङ्कट देखापर्न सक्छ, यदि समयमा संविधान लेखिएन भने । त्यस्तै वैदेशिक हस्तक्षेप जुन अहिले पनि भइरहेको छ, त्यसले पराकाष्ठा नलाग्ला भन्दा अत्युक्ति नहोला । जेठ १४ सम्म संविधान नबने ती वीर सहिदहरूको सपना चकनाचुर हुने छ । देशमा त्याग र बलिदानको कुनै अर्थ रहनेछैन ।

जेठ १४ मा संविधान बनाउन अझै पनि सम्भव त नहोला तर त्यसपछि आउन सक्ने विषमता रोक्न केही पहल भने अवश्य

गर्न सकिन्छ। संविधानबिनाको देश, नियमकानुनबिनाको राज्य जङ्गली राज्य हुन्छ, जहाँ शान्ति, अग्रगमन र अमनचयनको साटो हिंसा, आतङ्क र लुटपाटले देशको सर्वनाश निम्त्याउँछ। संविधान नभए जनताको हकअधिकारको सुनिश्चितता कसले गर्ने ? यो पश्नले धेरै नेपालीहरूलाई पिरोलिरहेको छ अहिले। युगौंयुगदेखि स्वतन्त्र नेपाली भई शिर उचा गरी बाँचेका नेपालीहरू त्यसपछि वैदेशिक हस्तक्षेपले आफ्नो राष्ट्रियता र अखण्डतामा आँच आउने हो कि भन्ने प्रश्नले भयभित छन्, जुन चिन्ता जायज छ।

अहिलेको अवस्थामा सबैले अवलम्बन गर्नुपर्ने बाटो भनेको सहमति हो। राजनैतिक दलहरू सत्ताको मोह त्यागेर, सहमतिको बाटोमा हिँडेमा देशमा संविधान अवश्य बन्ने छ, देशले अमनको सास फेर्ने छ र गरिब भनेर चिनिने हाम्रो देश उच्चताको पथतर्फ स्वर्णिम भविष्यतिर अग्रगामी बन्ने छ। संविधानसभाको म्याद बढाउने कुरामा सबै दल सहमति भए त्यो समयमा संविधान बन्न सम्भव छ। यदि सबै जना तदारुकताका साथ लाग्ने हो भने, आफ्नो क्षेत्रबाट सक्दो सहयोग पुऱ्याउने हो भने संविधान अवश्य बन्ने छ। इच्छाशक्ति भए जेठ १४ होइन, त्यो अगावै यो सम्भव छ।

अत: जेठ १४ नजिकिँदै जाँदा दलहरू आन्दोलन र सत्तालिप्साको लागि आपसी झैझगडा नगरी आफ्नो दायित्वबोध गरेर, राष्ट्रियतालाई सर्वोपरि ठानी संविधान कोर्ने कार्यमा व्यस्त हुन् आजको समयमा अपरिहार्य छ। जेठ १४ मा संविधान बने मुलुक धन्य हुने छ, इतिहास कृतकृत्य हुने छ, जाति प्रफुल्ल हुने छ र शान्ति र अमनचयनको सास फेर्दै नेपाल आमा आफ्नो उर्वर कोखप्रति निष्ठावान् सपूतहरू पाएकोमा गर्व गर्ने छिन्।

+ + +

## जेठ १४ गते

– जेनिसा उपाध्याय, चाबहिल

'जेठ १४, २०६७'– यो यस्तो मिति हो, जसलाई सबै नेपालीहरूले पछिल्लो २ वर्षदेखि पर्खिँदै आएका छन्। समानुपातिक

निर्वाचन प्रणालीबाट चुनिएर, नेपालको हरेक क्षेत्र, जातजाति आदिलाई समेटेर आएका ६०१ सभासद्हरूलाई हामीले २०६५ सालमा संविधान लेख्ने काम सुम्पेका थियौं।

सम्पूर्ण नेपालीहरूको चाहना लोकतन्त्र हो, देशमा शान्ति स्थापना गराउनु हो। राजतन्त्रको अन्त्य गराएर नेपालीहरूले आफ्नो रगत एवम् पसिना बगाएर नेपालमा लोकतन्त्रको स्थापना गरे। नेपाली जनताले गरेको २०६२ को जनआन्दोलनमा नेताहरूको पनि एकताको सहयोगले नेपालीहरूले लोकतन्त्रको अनुभूति गर्न पाए।

लोकतन्त्र भनेको जनताको चाहनाअनुरूपको राज्यव्यवस्था हो। उनीहरूले चुनेर पठाएका आफ्ना प्रतिनिधि-उम्मेदवारहरूलाई जेठ १४ गते २ वर्षको अवधिभित्र नेपाल राज्यको संविधान लेख्न पठाएका हुन्। नेपालीहरूको व्यथा, स्थिति उनीहरूको जीवनशैलीलाई बुझ्ने गरी हरेक क्षेत्रबाट, हरेक जातजातिको इच्छा बुझ्ने गरी सभासद्हरू चुनिए, जसमध्ये सबैभन्दा ठूलो दल माओवादी रहेको छ।

गत २ वर्षदेखि हामी सारा नेपालीहरू जेठ १४ को प्रतीक्षामा छौं। तर लाग्छ जेठ १४ कहिल्यै आउने छैन। नेपालको संविधान भ्रष्ट नेताहरूको व्यवहारको कारणले गर्दा जेठ १४ मा बन्ने आशा सारा नेपालीहरूले छोडिसके। हाम्रा देशका नेताहरू जो लोकतन्त्र र नेपाली जनताको नाममा आफ्नो स्वार्थमात्र पूरा गर्छन्। देशका ठूला ३ दल माओवादी, काङ्ग्रेस र एमालेहरूले हाम्रो देशलाई लामो समयदेखि चलाउँदै आएका छन्। सबैको पालो पुऱ्याउँदै हाम्रो देशले समयमात्र काटेको छ। कुनै जमानामा 'शान्तिक्षेत्र' भनेर विश्वभरि चर्चित हाम्रो देश नेपाल अहिले केवल नेताहरूको सत्ताको राज्यमात्र बनेको छ। नेपालमा अहिले स्थिति एकदम कहालीलाग्दो बनेको छ।

जेठ महिना लाग्न नपाई संविधान निर्माण गरेर जनतासामु ल्याउने दिने नआउँदैखेरि देशमा जताततै नेताहरूको कारणले बन्द, हडताल एवम् असामान्य स्थिति आउन थालेको छ।

२ वर्ष समय हुँदा पनि सभासद्हरूले केही गरेनन् र निर्धारित समय सकिन लाग्दा समेत उनीहरूले केही कुराको पनि थालनी नगरेको देख्दा त्यस्ता सभासद्हरूप्रति घृणा जागेर आउँछ। नेपाली जनतालाई दु:ख दिएर, उनीहरूको ज्यान र भरोसासँग खेलेर यी नेताहरूले ठीक

गरेका छैनन् । समानुपातिकको नाममा सबै जाति समेट्ने नाममा आदि भन्दा बढी अनपढ, गँवार र काम नलाग्ने सभासद्हरू संविधान लेख्न पठाइएका छन् । तर पनि मासिक भत्ता खाएर जनताको चाहनालाई भुलेर उनीहरूले नेपालीहरूको अवहेलना गरेका छन् ।

नेपाल दिनानुदिन अवनति र अँध्यारोतर्फ धकेलिएको कुरा यी नेताहरूले बुझेर पनि बुझ पचाएका छन् र कानमा पनि तेल हालेर बसेका छन् । पार्टीपार्टीबीचको असमझदारी र एकताको कमीले नेताहरूमात्र सम्झिन्छन् उनीहरूको कुर्सी । तर देशलाई कहाँ पछाडि छोडिदिन्छन् । आफू मिलेर काम नगरीकन विदेशी कूटनीतिज्ञहरूको अनुरूप चल्न मजबुर भएका छन् । २ वर्षभरि के गरेर बसे ? एउटाले ६ महिना शासन गर्छ भने अर्काले खुट्टा तान्न थालिहाल्छ । बदलिँदो सरकारले भावी वा चल्दै गरेका आयोजनाहरूमा मात्र नभएर देश सम्पूर्ण विकासजनित क्षेत्रहरूमा प्रत्यक्ष असर पार्छ । तर आफ्नो अडानमा बसेर कुर्सीको तानातानी मात्र गर्ने प्रवृतिले आखिरमा मर्कामा पर्ने त हामी निर्दोष र आशावादी जनता नै हौँ ।

सिङ्गो एवम् अखण्ड राष्ट्र नेपाललाई टुक्रचाएर जातजातिको नाममा क्षेत्र बाँढेर एकीकृत नेपाली जनतारूपी माला चुँडाएका छन् । देशको सबैभन्दा महत्त्वपूर्ण पक्ष 'संविधान' नै छैन भने देश कुन दिशामा केको आधारमा चल्छ ? २ वर्षभरि केही विकासकारी कार्य पनि भएको छैन हाम्रो देशमा । अन्तिम समयमा आएर पनि अब त केही गरौँ, अब त संविधान लेखनतर्फ हात लम्काऔँ भन्ने बुद्धि कसैमा आएको छैन ।

जनताहरूका प्रतिनिधि हुन् नेताहरू र सभासद्हरू भन्ने कुरा यिनीहरूले बिर्सिएका छन् र मनचाहिँ काटमार, आन्दोलन, बन्द हडताल गरेका छन् । जेठ १४ को प्रतीक्षाको घडी सकिन लागेको समयमा आएर संविधान लेख्न सुरुवात गर्नु त कता हो, उल्टो आन्दोलन र बन्द गरेर त्यसलाई असफल पार्ने काम गर्छन् । जेठ १४ को र शान्तिको प्रतीक्षा गर्दै हाम्रो २ वर्ष बित्यो, त्यही पनि आजसम्म आशाको किरण देखिएको छैन ।

तसर्थ नेपालको इतिहासमा जेठ १४ गतेको शुभघडी कोर्न पाइन्छ जस्तो छैन । सारा जनताहरू नेताहरूको व्यवहार, सत्ताको

तानातानी र देशलाई अवनति एवम् अँध्यारोतर्फ धकेल्दै गएको कार्यका कारण विरक्त भइसकेका छन्। जेठ १४ मा संविधान नबन्ने कुरा त प्रस्ट भइसक्यो। तर पनि ओठमा मधुर मुस्कान बोकेर, आशाको केन्द्रविन्दु जगाएर, पक्कै पनि कुनै राम्रो दिनमा र चाँडै नै नयाँ संविधान जनतासामु आउँछ भन्ने शोच लिएर नेपाली जनताहरू आफ्नो कर्मपथमा अघि बढेका छन्। नेताहरूबीचको द्वन्द्व हटाएर, सबैले मिलेमतो गरेर, देशलाई अघि बढाउन र नेपालको इतिहासमा स्वर्ण अक्षरले लेखिने 'जेठ १४ रूपी' संविधान बनाएर जनतालाई पस्कने दिन छिटै आओस् भनेर ईश्वरसँग प्रार्थना गरिरहेका छन्।

\+ + +

## जेठ १४ गते

– नवीन सेढाईं, काभ्रे

समय सधैँ परिवर्तनको मोडमा उभिएको हुन्छ। यही गतिशील समयमा आफ्नो छोटो पावन्दीको सदुपयोग गरी प्रत्येक व्यक्तिविशेषले यसलाई ठूलो महत्त्वका साथ इतिहासका पानामा उतार्न चाहेको हुन्छ। यस्तैयस्तै विगतमा विभिन्न समयमा भिन्नाभिन्नै किसिमका आफ्नो इतिहास छर्लङ्ग्याउन सुन्दर मोडमा पुऱ्याउने उत्कट अभिलाषा पलाएको हुन्छ। तिनै अकाङ्क्षाहरू कहिले सफलीभूत हुन्छन् त कहिले त्यसको अस्तित्व नै विलीन हुने अवस्थामा गुज्रिन पुग्छन्।

प्रत्येक व्यक्ति-योद्धाले आफ्नो रणसङ्ग्राम विजयको झन्डा फरफराएर त्यस दिनलाई उत्सवका रूपमा स्थापित गर्न चाहन्छ, प्रत्येक व्यक्तिले आफ्नो जीवनलीलाको दौरान सगरको यात्राको सोपान उक्लेर आनन्दित बन्न चाहन्छ, प्रत्येक देशको नागरिकले आफ्नो देशमा शान्तिपूर्ण रूपमा आफ्नो हक र सबै किसिमका अधिकार उपभोग गरी बाँच्ने आशा बोकेको हुन्छ। धेरै पहिलेदेखि नै निरङ्कुश शासकहरूद्वारा शासित रहेका नेपाली जनताहरूले आफ्नो लागि, देशको लागि र आफ्ना भावी सन्ततिहरूका लागि सामन्तवाद र निरङ्कुशताका विरुद्धमा आफ्ना आवाज बुलन्दरूपमा पोख्दै रगतको खोला बगाएर ती महत्त्वपूर्ण परिवर्तन गर्दै आजको परिस्थितिसम्म

आइपुगेका छन् । जहानियाँ राणा शासन, निरङ्कुश पञ्चायत शासन र राजतन्त्रमाथि विजयश्रीको मीठो स्वाद चाख्दै अहिले देश सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सँघारमा पुगेको छ । यी महत्त्वपूर्ण उपलब्धि प्राप्तिका खातिर निरन्तर सङ्घर्ष र बलिवेदीमा आफ्नो जीवनलाई नै आहुति दिएर ती महान् सहिदहरू र वीर-वीराङ्गानाहरूले र प्रत्येक नेपाली जनताले अहम्‌रूपमा निर्वाह गरेको भूमिकालाई नकार्न भने हुँदैन । विगतको दस वर्षे जनयुद्ध र त्यसको मुख्य उपलब्धिका रूपमा राजतन्त्रको अन्त्य, देशमा गणतन्त्रको स्थापना र जनतालाई नयाँ एवं जनमुखी र सबै सर्वहारा वर्गका आम नेपालीलाई समेटिएको संविधान निर्माण गर्ने रह्‌यो । यसैबमोजिम सबैको हातेमालोबाट नेपालीले पहिला दुई उद्देश्य प्राप्त गर्न सकेका छन् भने संविधानसभाद्वारा जेठ १४ गते नयाँ संविधान जारी गर्ने भनिए पनि त्यो कतै शङ्काको घेरामा परिसकेको छ ।

यही २०६७ जेठ १४ गतेसम्ममा तयार गरिने भनिएको नयाँ संविधानको म्याद सकिँदै जाँदा त्यसमा जिम्मेवार जनप्रतिनिधिहरू भने आपसमा खिचातानी गर्दै कुर्सीको लागि लिप्सा देखाएका छन् । पदको मोहमा जनताका सारा सपनालाई लत्याएर नेताहरू विकृतिको नराम्रो आहालमा आनन्दसित डुबुल्की मारिरहेछन् । जनताले नै चुनेर पठाएका ती प्रतिनिधिहरूले आफ्नो दायित्व र जिम्मेदारीलाई बिर्सेको भान आम नेपालीको मस्तिष्कमा छाइसकेको छ । जनतालाई अब भविष्यमा आफ्ना हक प्राप्तिका लागि त्यस्तो रगतको खोला नबग्ने गरी देशको भविष्य सुनिश्चित गर्नका लागि बन्न लागेको नयाँ संविधान गर्भावस्थामा रहने डेढअक्कली सबैले गरिसकेका छन् । त्यसका लागि उचित रूपमा स्याहार र भरणपोषण गर्नुपर्नेमा सत्ताको लिप्सा देखाएर आफ्नो वैयक्तिक स्वार्थमा रम्नेहरूले नयाँ बन्न लागेको देशको मूल कानुन संविधानलाई नै तुहाइदिने त होइनन् ? यो प्रश्न टड्कारो रूपमा उभिएको छ ।

जेठ १४ गतेको दिन नेपाली जनताहरूले ठूलो आशा बोकेर धैर्यका साथ पर्खिरहेको दिन देश एक महत्त्वपूर्ण क्षणमा हुने छ किनकि त्यस दिन जनताले बोकेको आशा झिनो बनिसकेको छ र त्यसै दिन सारा नेताहरू जो संविधान निर्माणमा जिम्मेवारी बहन

गरेर बसेका छन्, तिनीहरूलाई लाज अनि सरम केके हो सबै कुरा लाग्नुपर्नेमा जनतासामु ङिच्च दाँत देखाएर फेरि समय थप गर्ने छन् र देशको ढुकुटी रित्याउनतिर अग्रसर हुने छन् । पार्टीहरू सरकारका लागि लुछाचुँडी गर्ने छन् र अन्ततोगत्वा देशमा ठूलो दुर्घटनाको स्थिति सिर्जना हुने छ । बन्द र हडतालले निरन्तरता पाउने छ र जनताहरू थप आक्रान्त एवं पीडित बन्ने छन् । देश आर्थिक एवं नैतिक रूपमा गिर्ने छ सबैका सामु । नेपाली कोमल मनमा फेरि छारो हाल्ने काम गरिने छ । अहिल्यै त विदेशी शक्तिको रिमोटमा चलेका ती नेताहरू पछि पनि त्यही स्थितिले गुज्रने छन् । ठूलाबडाको पाउ मल्ने र नातावादले प्रश्रय पाउनेछ ।

नेपालका लागि महत्त्वपूर्ण भनिएको जेठ १४ गतेसम्म पनि संविधान आम नेपाली जनताले पाएनन् भने सबै नेपालीहरू मिलेर ६०१ जना ती स्यालहरूलाई संविधानसभा भवनबाट खुल्लामञ्चमा लगेर सिस्नुपानी लगाउने छन् र नेताहरूलाई कडा रूपमा खबरदारी गर्ने छन् । उनीहरू अझै पनि समयमै संविधान बनोस् भन्ने चाहन्छन् भने ती नेतामा चेतना पसोस् कि सत्ता लिप्सामा मात्रै मोह नदेखाई सच्चा रूपमा सम्पूर्ण राष्ट्रिय स्वार्थमा समाहित होऊन् । तर त्यो दिन पनि ती नेताहरूले जनताका आवाजलाई एउटा कानले सुनेर अर्काले उडाइदिने छन्, जसको प्रतिकार गर्न आम नेपालीहरू जुट्ने छन् र त्यतिबेला पनि ती ६०१ जनामा चेतनाको अङ्कुर पलाएन भने जनताको सागर एवं लहरले चुनौती मिल्ने छ ती नेताहरूलाई ।

सबैले पर्खिएको दिन हो जेठ १४ गते । त्यस दिनसम्ममा पनि संविधान निर्माण भएन भने कडा चुनौती र प्रतिकार चखाउने छन् जनताले । त्यसपश्चात् सबै दलका नेताहरूको बुद्धिको बिर्को खुल्ने छ र आइन्दा यस्ता गल्तीहरू माफ नहुने कसमका साथ फेरि संविधान निर्माणमा जुट्ने छन् । नत्र भने जनताले तिनीहरूलाई कडा सजाय दिने छन्, जसको भागीदार उनीहरू हुनै पर्छ ।

बन्द र हडतालको सदाका लागि बन्द गर्ने शपथ नेपालीहरूले नेताहरूलाई त्यस महत्त्वपूर्ण दिनमा खुवाउने छन् । अत्यन्त छोटो समयमा गर्नुपर्ने धेरै भएकाले सबै क्षेत्रबाट सहयोग र सहकार्यको अहिलेको वर्तमान अवस्थामा नेताहरूको दिमागबाटै ऐँजेरु फाल्न जरुरी छ ।

निष्कर्षत: अरुणिमाका मलिन कान्तिले हिमाली किल्ला छिचोल्दै रवि नेपाल आइपुग्दा जेठ १४ गतेको दिनमा सबैमा एउटा उमङ्ग हुने छ, सबैले आशा गरेको फल प्राप्त हुने भयो भनेर। तर विडम्बना त्यसैबेला बतासले बादल ल्याएर ढाकिदिने छ सूर्यलाई र सबैमा फेरि एकपटक अन्धकारको कालो औँसीको रात हुने छ; सारा जनमानसको मनमा ग्रहण लाग्ने छ र आशाको टुसो ओइलाएर झर्ने छ। सम्पूर्ण जनतामा मृदुमुस्कानको साटो ती नयनबाट आँसुका ढिका झर्ने छन् र ती पिपासु एवं विश्वासघाती नेताहरूलाई सरापेर भगवान्सँग पुकारा गर्ने छन्– हे भगवान् ! यी नेताहरूलाई सद्बुद्धि कहिले दिन्छौ? वर्तमानबाटै भविष्यको झल्को पाउन सकिने भएकाले नेपालीका मनमा निराशाको भोटेताल्चा लाग्ने छ त्यो दिन। तसर्थ त्यो दिन नेपाली इतिहासका पानामा मात्रै नभएर सम्पूर्ण विश्वइतिहासमै एक अविस्मरणीय क्षणका रूपमा भविष्यले पाउने छ। तर पनि नेपाली जनताले झिनो आस बोकेर लामो सास लिएर नयाँ संविधान छिटो निर्माण गर्न आफ्ना नोकर नेताहरूलाई कडा रूपमा खबरदारी गर्ने छन्।

\+ + +

## जेठ १४ गते

– विद्या पोखेल, ललितपुर

*"गाउँगाउँबाट उठ, बस्तीबस्तीबाट उठ,*
*यो देशको मुहार फेर्नलाई उठ"*

जेठ १४, सम्पूर्ण नेपालहरूको पर्खाइ, एउटा महान् पर्व नेपालीहरूको लागि, औँसीको कालो रातपछि आउने पूर्णिमाको दिन, विजयादशमी अनि तिहारभन्दा पनि ठूलो चाड, एउटी आमाले सन्तानको फर्काइका लागि गर्ने पर्खाइभन्दा पनि व्यग्र पर्खाइ.... ।

जेठ १४, नेपाली जनताका लागि नयाँ संविधान जारी हुने महत्त्वपूर्ण मिति; हरेक वर्ष जेठ १४ आउँछ अनि जान्छ, बिना कुनै महत्त्व तर २०६७ सालको जेठ १४ सम्पूर्ण नेपालीहरूका लागि एउटा नयाँ बिहानीको शुभागमन गर्ने दिन हो।

दस वर्षको लामो जनयुद्धपछि आएको शान्तिलाई स्थायित्व गर्ने त्यो जेठ १४ को पर्खाइ किन किन पट्यारलाग्दो छैन, एउटा नयाँ आशा, नयाँ उमङ्गलाई आफ्नो दैलोमा स्वागत गर्न तत्पर छन् आम नेपालीहरू। २०६२-०६३ सालको १९ दिने जनआन्दोलनपछि, राजतन्त्रको अन्त्य भई संसद्को पुनर्स्थापना भएको थियो। त्यसपछि संविधानसभाको चुनाव भई जनताले ६०१ जना जनप्रतिनिधिहरूलाई संविधान निर्माणका लागि संसद् पठाएका थिए।

म स्वयं पनि जेठ १४ गतेलाई एउटा नयाँ दृष्टिकोणले हेर्दै छु। मनमा थुप्रै शङ्का-उपशङ्का उब्जन्छन्। लाग्छ त्यो दिन विगतका वर्षहरूझैँको जेठ १४ त हुने होइन? अब त झन् नजिकिँदै गरेको त्यो दिनलाई सम्झन्छु अनि आफैसँग प्रश्न गर्छु, के त्यो दिन मैले नयाँ संविधान बनेको देखुँला? के मजस्ता हरेक नेपालीले राष्ट्रमा नायाँ संविधानको निर्माणसँगै हुने परिवर्तनलाई नियाल्न पाउलान्। मन कताकता काँप्न थाल्छ, जब म वर्तमान परिस्थिति अनि जेठ १४ बीचको दूरीलाई नियाल्छु; त्यो घट्दै गरेको दूरी अनि वर्तमान अवस्था पूर्वाग्रही भएझैँ लाग्छ। मनमा गहिरो पीडा बल्झिन्छ, त्यो संविधानले अब आउने मेरो अनि मजस्तो नेपालीहरूको भविष्यलाई सुनिश्चित गर्न सक्ला? के संसद् भवनमा बसेका ती ६०१ सभासद् आफ्नो कर्तव्यबाट विमुख नहोलान्? के उनीहरूमा आफूले केका लागि जनताको प्रतिनिधि बनेर संसद् भवनभित्र पाइला हालेको भन्ने दायित्वबोध छ? यस्तैयस्तै अनेक प्रश्न मनभित्र ज्वारभाटाझैँ आउँछन् अनि उत्तरको खोजीमा आफ्ना लप्काहरू कहाँकहाँ पुऱ्याउँछन्।

नेपालको वर्तमान अवस्था निकै डरलाग्दो बनेको छ। शक्तिको होडबाजीमा देश टुक्रिने सम्भावना अझै बलियो भएर देखिएको छ। दस वर्षपछिको जनयुद्धपछि सरकारमा समावेश भएको माओवादी अनि अन्य थुप्रै राजनैतिक दलबीचको खिचातानीले जेठ १४ गतेको पर्खाइलाई अझै बढाउँदै लगेको छ। आफ्ना सेनालाई राष्ट्रिय सेनामा समायोजन नगराएसम्म अनि आफ्नो नेतृत्वमा सरकार नबनेसम्म सहमतिको बाटोमा नआउने माओवादीको अडानले राजनैतिक द्वन्द्वको सिर्जना व्यक्तिवाद हाबी भएको यस समयमा संविधान बनाउने आफ्नो कर्तव्यबाट सब विमुख भएका छन्। तराई, पहाड र मधेश, लिम्बुवान अनि खुम्बुवान,

थरुहट राज्य, यस्तैयस्तै प्रदेशको मागले देशमा जातीय र क्षेत्रीय युद्ध सिर्जना गर्ने सम्भावना प्रबल रूपमा देखिएको छ। पृथ्वीनारायण शाहले एकीकृत गरेका ती ससाना राज्यबाट बनेको नेपाल फेरि त्यस्तै बन्ने हो कि भन्ने प्रश्न पनि उब्जिएको छ। राज्यको विकासको होइन, विनाशको बाटोतर्फ लागेझैँ लाग्छ।

फेरि पनि जेठ १४, सम्पूर्ण नेपालीहरूको पर्खाइ। हरेक नेपालीले आशा गरेका छन्, जेठ १४ सँगै राष्ट्रमा नयाँ संविधान आउनेछ जसले राष्ट्रमा विद्यमान दण्डहीनता र अपराधलाई अन्त्य गर्ने छ। गरिबीको रेखामुनि रहेर गाँस, बास र कपासका लागि सङ्घर्षरत प्रत्येक नेपालीले आफ्ना हरेक आवश्यकता पूरा भएको पाउने छन्। देश विकासको नयाँ मार्गमा अगाडि बढ्ने छ। अरूका अगाडि शिर निहुराएर होइन स्वाभिमानी भएर बाँच्न पाइने छ। अबका दिनमा कुनै नेपाली नारीको सिन्दूर पुछिने छैन। आफ्नो पतिले सहादत प्राप्त गऱ्यो भनेर कुनै आमाको काख रित्तो हुने छैन, बुढेसकालको लौरो भाँचिने छैन, विगतको झैँ गरी पीडाका अश्रुधाराहरू बग्ने छैनन्। जेठ १४ गतेले निर्धारण गर्ने यी सपनाका पूर्णताहरू...।

म पनि चाहन्छु कि देशमा समयमा नै नयाँ संविधानको निर्माण होस्। देशका बुज्रुक भनाउँदाहरूलाई आफ्नो कर्तव्यबोध होस्। शक्तिको होडबाजीभन्दा माथि उठेर देशका लागि केही गरौँ भन्ने भावना उनीहरूमा जागृत होओस्। जब सपना सँगालिन्छ तब त्यो सपना टुट्दा मनमा असह्य पीडा हुन्छ। जेठ १४ गते नयाँ संविधान जारी नभए, हरेक नेपालीको सपना टुट्छ। त्यतिखेर हरेक नेपालीका आँसुको जवाफ संविधान बनाउने जिम्मा लिई देशको लगाम आफ्नो हातमा लिने नेताहरूले दिनुपर्ने छ।

जेठ १४ सँग गाँसिएको हरेक नेपालीको भावनात्मक सम्बन्धले के पूर्णता पाउला? राष्ट्रको एउटा सचेत नागरिकको हैसियतले म खबरदार गराउन चाहन्छु ती कुर्सीमा बसेका नैतिकताविहीन नेताहरूलाई। उनीहरूलाई होसियार गराउन चाहन्छु कि अब संविधान नबने जनता फेरि विद्रोहमा ओर्लने छन्। फेरि नयाँ अध्याय सुरु हुने छ, विकासको होइन विनाशको, प्रगतिको होइन अवगतिको। कामना गरौँ कि त्यो दिन नआओस्।

'समय आउँछ पर्खंदैन, बगेको खोला फर्कंदैन' अब बाँकी रहेका समय पनि संविधान निर्माणका लागि खर्च नगर्ने हो भने देश अधोगतिको मार्गतर्फ लाग्ने निश्चित छ। आफ्नो गर्भ तुहिँदा एउटी आमालाई जति पीडा हुन्छ, त्योभन्दा ठूलो पीडा भोग्ने छन् नेपालीहरूले समयमा नै संविधान नबने। त्यसैले म आग्रह गर्छु हरेक नेपालीलाई, नयाँ संविधानको निर्माणका खातिर आफूले पूरा गर्नुपर्ने दायित्व पूरा गरौँ। आफू र आफ्ना सन्ततिको उज्ज्वल भविष्यका लागि, स्थायी शान्तिका लागि अनि एउटा विकसित देश निर्माणका लागि। यो देश हाम्रो हो र देश निर्माण गर्नुपर्ने दायित्व पनि हाम्रै हो भन्ने भावनालाई आत्मसात् गरेर नयाँ संविधान निर्माण गरी जेठ १४ लाई सार्थकता प्रदान गरौँ।

जेठ १४ गतेको सूर्योदयसँगै देशले नयाँ संविधान पाओस्, एउटा नवयुगको आरम्भ होस्, स्थायी शान्ति स्थापना होस्, अनि हरेक नेपालीले गर्वका साथ शिर उठाएर आफू विकसित देशको नागरिक भएको परिचय दिन पाऊन्। "आशा हि परमो दुखम्, नैराश्य परमो सुखम्" भन्ने भावना नेपालीहरूमा उत्पन्न नहोस्, नयाँ संविधानको आशा पूर्ण होओस् अनि शान्तिमा रम्न पाऊन्।

\+ \+ \+

# विश्व तापक्रम वृद्धि

– दीपेश क्षेत्री, पर्सा

विश्व भन्नाले सम्पूर्ण देश र देशभित्रका बासिन्दा अनि उनीहरूद्वारा उत्पत्ति हुने अवस्थाहरूलाई जनाउँछ। ताप भनेको शक्तिको स्वरूप हो भने कुनै वस्तुको अवस्थालाई तापक्रमले जनाउँछ। वृद्धिको पर्याय बढ्नु हो। माथिको शीर्षकले आजभोलिको सन्तुलित वातावरणलाई असन्तुलित बनाउने वस्तुहरूलाई प्रस्तुत गर्न र त्यसले हुने तापक्रम वृद्धिलाई जनाउन खोजेको छ।

आजको २१ औँ युग मान्छेको भन्दा पनि रोबर्ट र मेसिनरीको युग हो भन्न मिल्छ। विभिन्न परिवेशमा आफूलाई ढाल्न सक्नु नै जीवित हुनुको सिद्धान्त भएझैँ कुनै पनि राष्ट्र विकसित हुन आर्थिक

पक्ष सुदृढ हुनुको साथै नवीनतम खोजको आवश्यकता पर्दछ । त्यसैको खोजीमा लागेका कैयौँ राष्ट्रहरूले नवीनतम खोजसँगै ल्याएको चिन्ताको घेरामा पर्ने समस्या हो वातावरणीय असन्तुलन र तापक्रम वृद्धि । मान्छे वास्तवमा स्वभावगत रूपबाटै विनाशक हुन्छ । कुनै पनि नूतन वस्तुको खोजी प्रकृतिको विनाशको अर्को स्वरूप हो । जबसम्म प्रकृतिलाई हामी काटेर, छाँटेर हेर्दैनौँ तबसम्म नयाँ खोजको चाहना गर्नु भनेको हामीहरू वर्षाको भ्यागुतो बन्नु हो । अनि त्यहीँ प्रकृतिको निर्मम हत्याले सिर्जाएको विश्वको चिन्ताको विषय हो तापक्रम वृद्धि । आजको दिनमा विश्वको कुनै पनि राष्ट्र र कुनै पनि क्षेत्र यसको प्रभावबाट अक्षुण्ण रहन सकेको छैन ।

तापक्रम वृद्धि हुनुपछाडि विभिन्न कारणहरू छन् । जसलाई मानवीय र मानवेतर गरी दुई कोटामा बाँड्न सकिन्छ । मानवीय कारणहरूमा जथाभाबी गरिने फँडानी, अव्यवस्थित कलकारखाना, औषधीको अत्यधिक प्रयोग आदि पर्दछन् भने मानवेतर कारणहरूमा प्रकृतिले ल्याउने बाढीपहिरो आदि पर्दछन् । प्रकृतिले ल्याउने विनाशभन्दा मानवीय कारणबाट भित्रिने समस्याले जटिल समस्या निम्त्याउने गर्दछ । बढ्दो जनसङ्ख्यासँगै घट्दै गएको वनजङ्गलको क्षेत्रफल नै वातावरणीय तापक्रम वृद्धिको प्रमुख कारण हो । वनजङ्गलले हावालाई स्वच्छ राखेर वातवरणीय तापक्रमलाई सन्तुलित राख्न मद्दत गर्दछ । तर वनको जथाभावी गरिने काँटछाँटले गर्दा वातावरणीय पर्यावरणमा धेरै धक्का पुगेको छ । फलस्वरूप सतहका हावा तातिँदै माथि पुग्छन् तर चिसिने क्रम हुँदैन र वातावरणको तापक्रम बढ्ने गर्दछ । तापक्रम वृद्धि हुनुको अर्को प्रमुख कारण भनेको जथाभावी कलकारखानहरू अव्यवस्थित गरी निर्माण गर्नु हो । यस्तो किसिमको क्रियाकलाप झनै विकसित राष्ट्रहरूमा देखिनु हाम्रो विडम्बना हो । विश्वका कतिपय राष्ट्रहरू पुँजीवादी बन्दै जाँदा वातावरणको ख्यालै नगरी आर्थिक रूपमा सबल हुन थुप्रै कलकारखानहरू निर्माण गर्ने गर्दछन् । यस कलकारखानाबाट निस्कने धुवाँ वातावरणीय सन्तुलनलाई भङ्ग गर्छ र साथै हावालाई तातो बनाइदिन्छ जसले गर्दा वातावरणको तापक्रम बढ्दछ । विश्व तापक्रम वृद्धिको अर्को महत्त्वपूर्ण कारण भनेको ओजोन लेयरको नाश हो । ओजोन लेयर स्ट्राटोस्फियरमा देखिन्छ ।

यसले घामको नकारात्मक असर पार्ने विकिरणहरूलाई सीधै धरतीमा आउनबाट बचाउँछ। तर बढ्दो विकासक्रमसँगै भएको वातावरणीय क्षतिले गर्दा यो लेयर दिनानुदिन पातलिँदै गएको र कतिपय ठाउँमा प्वाल देखा परेको छ। यसले गर्दा घामका किरणहरूसँगै आउने विकिरणले धर्तीलाई तताएर तापक्रमलाई बढाएको पाइन्छ। विश्वका कतिपय राष्ट्रहरू विकासको दौड खेल्ने क्रममा विभिन्न अणुबम, हातहतियार बनाउन सक्षम बनेका छन्। यस्ता वस्तु उत्पादन गर्ने राष्ट्रहरूले यिनीहरूको परीक्षण पनि धर्तीमै गर्ने गर्दछन्। फलस्वरूप विस्फोटबाट आउने विकिरणहरूले वातावरणलाई तताउने काम गर्दछन्। युद्धले पनि वातावरणीय तापमानलाई बढाउने गर्दछ। अर्को कारण हो, मानवीय बस्तीको अव्यवस्थापन। बढ्दो जनसङ्ख्या सँगै ठाउँ र आवश्यक वस्तुहरू सोही अनुपातमा नबढ्दा अस्तव्यस्त जनजीवनले वातावरणमा प्रदूषण ल्याइदिएको छ। सोही वातावरण प्रदूषणले गर्दा वातावरणको तापक्रम पनि बढ्दो छ। यिनीहरू सबै मानवीय कारणहरू हुन्। यसबाहेक प्रकृतिले ल्याउने ज्वालाविस्फोटन, पहिरो, बाढी आदिले पनि वातावरणको तापक्रमलाई बढाउने गर्दछ। यसरी विश्वमा तापक्रम वृद्धि भएको अनुमान सहजै लगाउन सकिन्छ।

विश्वमा भएको तापक्रम वृद्धिले मानवजीवनमा धेरै उथलपुथल र समस्याहरू ल्याइदिएको छ। घामको नकारात्मक किरणहरूबाट मानिसहरूमा छालासम्बन्धी विभिन्न रोगहरू उब्जेका छन्; जस्तै– छालाको क्यान्सर आदि। विकिरणहरूले गर्दा कतिपय महिलाहरू बाँजो भएको खबर हामीले सुन्न पाउँछौँ। तापक्रम वृद्धिले गर्दा मानिसहरूमा अल्छीपना र आलस्यता बढ्दो पाइन्छ। फलस्वरूप देशले चाहेजत्तिको उन्नति हात पार्न सकेको छैन। बढ्दो तापक्रसँगै हिमाली क्षेत्रका हिउँहरू पग्लने क्रम तीव्र बन्दै गएको छ। यसले मानवीय अस्तित्वलाई नै धरापमा पारेको छ। बढ्दो जनसङ्ख्या र बढ्दो तापक्रमले गर्दा समुद्री सतहमा उतारचढाव देख्न सकिन्छ। यसले समुद्रछेउका राष्ट्रहरूलाई आक्रान्त पारेको छ। जस्तै माल्दिभ्स सहर नै डुब्ने कगारमा उभिएको छ।

विश्वमा बढ्दो तापक्रमको समस्याप्रति आजैदेखि गम्भीर नभए आउने दिनमा हाम्रो पुस्ता जीवीत रहन्छन्, भन्न सकिन्न। बढ्दो

तापक्रमले एकातिर जनजीवनलाई असहज पारेको छ भने अर्कोतिर यसले देशकै आर्थिक अवस्थालाई पनि नकारात्मक असर पारेको छ। हाम्रै देशको उदाहरण दिने हो भने पहिलेको भन्दा अहिले विदेशीहरू भित्रिने क्रम निकै कम छ। विभिन्न कारणहरूमध्ये हाम्रो देशको तापक्रममा आएको अप्रत्यासित वृद्धि पनि एक हो। त्यसैले विश्व तापक्रम वृद्धिले ल्याएको समस्यालाई समयमै सम्बोधन गरिनु अत्यावश्यक छ।

कुनै पनि समस्याले आफूसँगै त्यसको समाधान बोकेर आएको हुन्छ जसलाई हामीले सम्बोधन गर्न सक्नुपर्छ। वातावरणीय तापक्रम वृद्धिको समस्यालाई राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै तवरले सम्बोधन गरी यसको निकासको खोजी गर्नुपर्दछ। यसको लागि विश्व नै खुलामञ्च भई देखिनुपर्दछ भने हरेक व्यक्ति, समाज, राष्ट्रले यसप्रति गम्भीर चासो पनि राख्नुपर्दछ। वनजङ्गलसम्बन्धी ऐनकानुनहरू कडा गरिनुका साथै घुसखोर गरी वन नास्नेलाई कडाभन्दा कडा सजाय दिनुपर्दछ। कुनै पनि राष्ट्रले कलकारखानाका लागि निश्चित सिमाना निर्धारण गर्नुपर्दछ। राष्ट्रिय तवरबाटै उक्त कलकारखानाको समयसमयमा जाँचपरक गर्नुपर्दछ। विभिन्न भूकम्प गएका, पहिरोले नासिएका क्षेत्रहरूमा वृक्षारोपणको कामलाई द्रुतगति प्रदान गर्नुपर्दछ। सकेसम्म अणुबम, विस्फोटकजन्य वस्तुहरूको परीक्षणले प्रकृतिलाई घात पुऱ्याउने कार्य गर्नुहुँदैन। वातावरणीय ऐनकानुन राष्ट्रिय स्तरबाटै लागू गर्नुपर्दछ र विभिन्न संरक्षणका क्षेत्रहरू तय गर्न सकिन्छ।

यसरी प्रत्येक देशका जनता, सङ्घसंस्था, राष्ट्रिय निकाय र ऐनकानुनलाई सजग गराउने र अशिक्षितलाई शिक्षित गराउने हो भने विश्व तापक्रमको वृद्धिबाट हुने समस्याबाट केही हदसम्म राहत प्राप्त गर्न सकिन्छ। तसर्थ, यो समस्या भनेको राष्ट्रको मात्रै नभएर विश्वजगत्कै र मानवीय जगत्कै हो भन्ने कुरा नबुझेसम्म यो समस्याबाट छुटकारा पाउन सकिन्न। अन्तिममा जुन ५ दिवस एकदिनमात्रै होइन प्रत्येक दिन मनाउन पाइयोस्। यसबाट सिर्जने सुन्दर, राष्ट्रहरूले नै केवल मानवीय मूल्य, मान्यता र अस्तित्वलाई जोगाइराख्न सक्छ। विश्व तापक्रम वृद्धिबाट हुने प्रकोपहरूबाट बच्नलाई विद्यार्थी, बुद्धिजीवीवर्गका बीचमा यस समस्याको निचोड निकाल्न

सकिन्छ। स्कूलदेखि कलेज र उच्चस्तरीय संयन्त्र बनाएर शिक्षादीक्षा प्रदान गर्न सकिन्छ। फेरि पनि वातावरणीय सन्तुलन यथावत् राख्न र बढ्दो तापक्रमलाई रोक्न जनसमुदाय, राष्ट्रिय निकाय र विश्व नै सतर्क रहनु धेरै जरुरी देखिन्छ।

+ + +

## विश्व तापक्रम वृद्धि

– भूषण लोहनी, तनहूँ

मानिस एक चेतनशील प्राणी हो। अरू सम्पूर्ण जीवनलाई पछाडि पार्दै ऊ उन्नतिको शिखरमा दिनानुदिन लम्कँदै छ। आफ्नो जीवनलाई सहज बनाउन ऊ सदैव लागिरहेको हुन्छ। यसै क्रममा उसले आगो, कृषिदेखि लिएर आज अन्तरिक्षयानजस्तो अति जटिल यन्त्रहरूको समेत आविष्कार गर्न सकेको छ। आज विश्वका कुनै पनि कुनाको गतिविधि थाहा पाउनु हिजोजस्तो संवेदनशील विषय होइन। एक ठाउँबाट अर्को ठाउँमा जानलाई हिजोजस्तो बथान लिएर न त हिँड्नुपर्ने स्थिति छ, न त निमुखा प्राणीलाई दुःख दिएर अगाडि बढ्नुपर्ने स्थिति छ। हरेक क्षेत्रलाई सहज बनाउँदै आज मानव सफलताको शिखरलाई चुम्ने स्थितिमा पुगेको छ। उसले आफ्नो जीवन यतिसम्म सजिलो बनायो कि आज उसको लागि खाना चपाइदिने औजार, फलको रसमात्र निकाल्ने यन्त्र बनाएर आफ्नो मुखलाई समेत परिश्रमबाट वञ्चित पार्न सफल भएको छ। तर के उसले यो सब गर्न परिश्रम, अपहेलनाजस्ता कठोर अवस्था सहन परेन र? हो हरेक आविष्कारका लागि कडा परिश्रम र त्यस आविष्कारको बेफाइदाका कारणले उसले आलोचना र अपहेलनाको निलो विष पिएर नीलकण्ठ भएर बस्नुपर्ने स्थिति छ। प्रकृतिदेवीले त आलोचनाको तीतो घुट पिउनुपरेको छ भने हामी सामान्य मानवको यसमा के लाग्छ र।

मानिसले विकासको क्रममा स्रोत, साधन र खनिजको उच्चतम उपभोग गरिरहेको छ। यसै क्रममा उसले प्रकृतिविरोधी क्रियाकलापमा पनि बडो उत्तेजनाका साथमा लागेको छ। जानेर होस् वा नजानेर होस्, मानवजातिले गरेको अपराधको सजाय हामी मानवले मात्र

नभई आज हरेक प्राणीले भोग्नुपरेको छ । के हिजोसम्म कुनै भौतिक सुविधा उपभोग नगरी बसेका मानवबाहेकका अन्य प्राणीलाई आज यो विसङ्गतिमा ल्याएका मानिस अपराधी होइनन् ? के ती निमुखा प्राणीहरूको कुनै गल्ती छ ? छैन, हाम्रो क्रियाकलापले हामीलाई मात्र नभएर सम्पूर्ण जगतलाई दु:ख पुऱ्याएको छ । विभिन्न आविष्कारका बेफाइदा स्वरूप आज विश्वभरि नै दु:ख र कष्टको स्थिति सृजना भएको छ । मानिसले गरेका क्रियाकलापको फलस्वरूप हामी सम्पूर्ण प्राणीले सहनुपरेको प्रकोपमध्ये विश्वतापक्रम वृद्धि पनि एक हो । यस समस्याबाट आज न त अति विकसित कहलिएका राष्ट्रहरू उम्किन सकेका छन् न त अल्पविकसित राष्ट्रहरू नै पन्छिएका छन् ।

के हो त यो 'विश्व तापक्रम वृद्धि' ? के कारणले देखा पऱ्यो यस्तो प्रकोप ? प्रश्न मानवले उब्ज्यायो र आज यसको उत्तर पनि पत्ता लगायो । मानिसले आफ्नो विकासको क्रममा उत्पादन गरेका अप्राकृतिक वस्तुहरूको कारणले आज यो स्थिति देखापरको छ । विकासका कार्य एवम् आफ्नो सहज जीवनको निर्वाह गर्ने क्रममा मानिसले प्रकृतिका लागि धेरै घातक वस्तुको उत्पादन गरेको छ । यिनै विषालु पदार्थकै कारण आज विश्व यस सङ्कटबाट ग्रसित छ ।

मानिसले गर्मी यामको उच्च तापक्रमलाई नियन्त्रणमा लिने प्रयास गऱ्यो । प्रकृतिको अधिकार खोस्ने क्रममा उसले भविष्यमा आइपर्ने प्रकोपका बारेमा चिन्तन गर्नु उचित ठानेन र निशस्त्र प्रकृतिलाई एकपछि अर्को अधिकारबाट वञ्चित पार्दै मानिस अगाडि बढ्यो । प्रकृति पनि भोलि 'किन रोइस् मङ्गले आफ्नै ढङ्गले' भन्दै यिनीहरूलाई गिज्याउँदै खित्का छोडेर हाँस्ने प्रतिबद्धतामा बसिन् र प्रकृतिदेवीको त्यो भविष्यवाणी सफल पनि भयो । आज साँच्चै नै प्रकृतिदेवी अतीतका कुरा सम्झेर कहिले हाँस्छिन् त कहिले आफ्ना सन्तानले खेप्नुपरेका दु:ख देखेर पिरले आत्तिन्छिन्, पिल्सिन्छिन् ।

मानिसले कडा घामलाई पछार्ने तयारीमा रेफ्रिजेरेटर एयरकन्डिसनरजस्ता साधनको आविष्कार गरेर आफ्नो शीतल कोठामा आराम गऱ्यो र सी.एफ.सी. जस्ता घातकपदार्थ दिनानुदिन प्रकृतिमा फैलिए । सूर्यका घातक एवम् अति ताता किरणहरूलाई निष्क्रिय पार्ने वायुमण्डलको ओजोनका बाक्लो पत्रलाई यसले अत्यन्त ठूलो असर

पाऱ्यो । कति ठाउँबाट त ओजोनको अस्तित्व नै मेटिएको छ । यसै कारण सूर्यका हमलाकारी किरणहरू बिनारोकावट पृथ्वीको शीतल भूमिमा आएका छन् ।

यस्तै विकासका क्रममा कार्बनडाइअक्साइड, सल्फरडाइअक्साइड-जस्ता छिट्टै तातिने र तापक्रमलाई सहजै नछाड्ने ग्याँस वायुमण्डलमा यत्रतत्र भए । यिनले पनि सूर्यका घातक किरणलाई आफूसँगै राख्ने र फर्कन नसक्ने गरी पृथ्वीमा सीमित राखे । यसका कारणले पृथ्वीको तापक्रम दिनानुदिन बढ्दै गयो र आज विश्व तापक्रम वृद्धिलाई एक प्रमुख समस्याको रूपमा हेरिएको छ । यसको समाधानका लागि धेरै पहल गरियो, बैठक बसियो, समाधानको लागि खर्च छुट्ट्याइयो तर बिस्मात ! केही हुन सकेन । साँच्चै मोहर पनि आज निरीह भएर हेरिरहेको छ । यस्तै भए के विश्वको अस्तित्व नै गुम्ने हो त ? के २-४ डिग्री सेल्सियसको शतक वृद्धिदर भएको यस समस्याले मानव एवम् विश्व भविष्यलाई नै सखाप पार्ने त होइन ? के यसको कुनै पहल छैन ? होइन, एकतामा बल छ भन्ने नाराका साथ सम्पूर्ण मानवजाति अगाडि बढ्दा यो समस्यालाई ठूलो हदसम्म कम गराउन मिल्छ ।

संसारलाई हरियो बनाउने लक्ष्यका साथ सम्पूर्ण मानिस एकजुट हुँदा प्रकृतिको दु:ख कम गर्न सकिन्छ । तापक्रम वृद्धिमा सक्रिय भूमिका खेल्ने पदार्थको निष्कासनमा कमी ल्याउन आजको आवश्यकता हो हिजो गरेको भुलको सजाय भनेर रोईकराई बस्नुको ठाउँमा उचित पहलले समस्याबाट अवश्य पनि निकासको मार्गदर्शन गर्नेछ । सम्पूर्ण मानवजातिले मिलेर समस्याको समाधान गर्नुपर्ने छ । विकसित देशले ठूलो हृदयका साथ आफ्नो योगदान दिनुपर्छ र अल्पविकसित राष्ट्रले पनि आफूले नगरेको गल्तीबाट पन्छिने मनसाय बिल्कुल राख्नुहुँदैन । यो समस्याले सम्पूर्ण जीवन तहसनहस पार्न सक्छ । ध्रुवको बरफ पग्लिएर बाढी आउने सम्भावना अत्यन्त ज्यादा छ । हालै विभिन्न देशमा गएका भूकम्पजस्ता प्रकोपका कारण पनि तापक्रम वृद्धि नै हो । यसकारण यस समस्याको समाधानतर्फ लागिपर्नु सम्पूर्ण मानवजातिको भलो हुने कुरा हो ।

त्यसैकारण सम्पूर्ण मानिसले हातेमालो गरी आउन सक्ने

प्राकृतिक प्रकोपको सामना गर्नु अत्यन्त आवश्यक छ । मौरीले आफ्नो घारको रक्षा गर्न एकतामा विश्वास गरेझैँ हामीहरू पनि एकतालाई नै सङ्कटमोचनका रूपमा लिनुपर्दछ। यसो गर्नाले मानव भविष्यको रक्षा हुन्छ, सम्पूर्ण प्राणीजगत्को उद्धार हुन्छ र हामी मानव चेतनशील भएको भनी गर्वका साथ अघि बढ्न सक्छौँ । वास्तवमा मानवजीवनको सार नै एकता हो । यसै एकताको शस्त्रले सम्पूर्ण विश्वलाई बचाउन सक्छ र प्राणीजगत्को भलो हुन्छ ।

\+ \+ \+

## विश्व तापक्रम वृद्धि

– ऋचा रायमाझी, काभ्रे

पृथ्वी हरिया रूख-बिरुवा, रङ्गी-चङ्गी फूल र चरा, प्यारा तथा डरलाग्दा जनावर र हामी मानिसजस्तो बुद्धिमान् प्राणीको वासस्थान । समय र खोला कहिल्यै फर्कँदैन भनेझैँ हामी सबै प्राणीहरू यही समयसँगै अघि बढी नै रहेका छौँ । समयको गतिसँगै बढिरहेको छ हाम्रो विकास र हामीले नै जन्माएको विज्ञान-प्रविधिको क्षेत्र ।

खाना पकाउन प्रयोग हुने दाउरा सानो काम गर्न पनि कोसौँ हिँड्नुपर्ने बाध्यताजस्ता थुप्रै समस्याबाट पार पाउनका लागि हाम्रा पुर्खाहरूले गरेका मेहनत र तिनै मेहनतलाई तिखार्दै र सपार्दै अहिले हाम्रो २१ औँ शताब्दीमा हामी छौँ जो पकाउनका लागि ग्याँस चुलो, ओभन (oven) देखि पृथ्वीको उत्तरदेखि दक्षिणसम्म सयर गर्न मिल्ने हवाईजहाज, मोटरगाडी, पानीजहाजजस्ता थुप्रै प्रविधिहरू छन् र हामी त्यही चलाउँछौँ । २ वर्षमा गर्ने काम दुई घण्टामा गर्ने कम्प्युटर चलाउँछौँ, आफ्नै घरबाट पाँच घर टाढाको पसल जान मोटरसाइकल कुदाउँछौँ र यो रफ्तार अझ बढाउन सहयोग पुऱ्याउँदै छ खुलेका कलकारखाना र उद्योगले ।

हो ! जसरी हाम्रो विकास हुँदै छ; त्यसरी नै पृथ्वीको नाश किनभने विकाससँगै त्यसको नकारात्मक असर पुगेको छ हाम्रै पृथ्वीलाई र यसो हुनुमा एउटा तत्त्व रहेको छ : विश्व तापक्रमको वृद्धि ।

नेपालजस्तो सानो देश होस् या त अमेरिका बेलायतजस्ता ठूला

राष्ट्र; सबै देशका विकासका लागि मेरुदण्ड बनेको छ उद्योगधन्दा र कलकारखाना ।

इँट्टाभट्टादेखि ठूलाठूला वैज्ञानिक साधन बनाउन सुरु हुने कलकारखानाबाट निस्केका नकारात्मक प्रभाव पार्ने धुवाँले विश्वको तापक्रम वृद्धि गर्ने एक चौथाइ भाग ओगटेको छ ।

त्यस्तै संसारकै बुद्धिमान् मानिने हामीजस्ता प्राणीले गरेको वनफडानी अर्को काम हो । आफ्नो इच्छा पूरा गर्न र आफूखुसी बस्ने चाहनाले व्याप्त हामी मानिस आफ्नो सोख पूरा गर्न दिनका दिन भनेजस्तो रूख काटिरहेका हुन्छौँ । “हरियो वन नेपालको धन” भन्ने प्रसिद्ध उखान अब भन्न नमिल्ने अवस्थामा पुगिसकेको छ । वन भएका ठाउँहरूमा गगनचुम्बी भवन खडा भइरहेका छन् । बस्नका लागि मेच, कुर्सीदेखि कोठा सजावट गर्न काठ र दाउराका विभिन्न सामान भित्र्याइरहेका छौँ । त्यसैले पनि स्वच्छ हावा पाउन गाह्रो भइसकेको छ र यससँगै बढ्दै छ विश्वको तापक्रम ।

विश्व तापक्रम वृद्धिले हामी मानिसमात्र नभई सम्पूर्ण प्राणी मारमा परेका छौँ । यसले गर्ने नकारात्मक असरहरू धेरै छन् र यसबाट पनि हामी भाग्न सक्दैनौँ ।

स्वच्छ हावा र पानी तापक्रम वृद्धिले गर्दा घटेको छ र योसँगै श्वास-प्रश्वासमा समस्या, हृदय रोग, आस्थामा, दम, खोकीजस्ता रोगहरू फैलँदै गइरहेका छन् ।

हाम्रो पृथ्वीलाई सूर्यका नकारात्मक किरणबाट बचाउने तह पातलिँदै गएको छ र हानिकारक किरणहरू पृथ्वीमा आउन थालेका छन् जसले गर्दा विभिन्न चर्मरोगहरू लाग्ने सम्भावना बढेको छ । ती तहलाई पातलो बनाउने काम भने गरेको छ बढिरहेको तापक्रमले ।

विश्व तापक्रम वृद्धिले गर्दा अहिले विभिन्न जनावरहरू र चराचुरुङ्गीहरू लोप हुन थालिसकेका छन् । यसले गर्दा हाम्रो पृथ्वीको एउटा प्रक्रिया (Food Chain) बिग्रिन थालेको छ । पानीको मात्रा घटेको छ र जताततै सुक्खा भएको छ जसले गर्दा अनावृष्टि-अतिवृष्टि हुँदै छ । अनिकाल फैलिएको छ । मौसम सन्तुलनमा छैन । कतै पानी धेरै परेकाले बाढीपहिरो त कतै पानी नपरेकाले अनिकाल लागेको छ । हिमालमा हिउँ पग्लँदै छ र हिमाल नाङ्गो हुँदै छ ।

यसरी विश्व तापक्रम वृद्धिले हामीलाई थुप्रै असर पारेको छ र अब यसको असर रोक्न हामीले उपाय निकाल्नु जरुरी भएको छ।

विश्वमा भएको तापक्रम वृद्धि रोक्न थुप्रै सभा-सम्मेलन हुने गर्छ र त्यसमध्ये हो– यसै वर्ष डेनमार्कको कोपनहेगनमा भएको सम्मेलन जहाँ विश्वका थुप्रै राष्ट्रहरू मिली तापक्रम कम गर्न केही बुँदामा हस्ताक्षर गरेका छन्। ती राष्ट्रहरूले अब के गर्ने हुन् भविष्यमा थाहा हुने भए पनि पृथ्वीको अभिन्न अङ्ग भई बसेका हामी मानिसको पनि यस विषयमा विचार गर्नुपर्ने दायित्व छ। त्यसैले विश्व तापक्रम वृद्धि कम गर्न हामी पनि लाग्नुपर्छ।

- वन फँडानी कम गरी वृक्षारोपणको कार्यक्रम अघि सार्नुपर्छ।
- नाङ्गा डाँडा र पहाडहरूमा रूख रोप्नुपर्छ।
- नकारात्मक असर पार्ने र तापक्रम वृद्धि गर्ने विभिन्न ग्यास, धुवाँ निस्कने गाडी-मोटर र वैज्ञानिक प्रविधिका सर-सामानको प्रयोग कम गर्नुपर्छ।
- त्यस्ता धुवाँ निकाल्ने कलकारखाना झन् बढ्दै गएकोले यसमा रोक लगाउनुपर्छ।

यसरी यस्ता उपायहरू अँगालेर तापक्रम वृद्धि कम गर्ने अभियानमा आजैबाट लागौँ, होइन भने भविष्यमा हामी मानिस पनि दु:ख, पीडामा बाँच्नुपर्छ र सबै प्राणी लोपसमेत हुन सक्छन्।

\+ \+ \+

## विश्व तापक्रम वृद्धि

– अर्चना शुक्ला, भैरहवा

तापक्रम वृद्धि विश्वमा नै एउटा जल्दोबल्दो समस्याको रूपमा अहिले देखापरिरहेको छ। हुन त यसलाई नियन्त्रित गर्न सबै देशहरू लागिपरेका छन् तर समयको गतिसँगै बढ्दै गरेको यो समस्यालाई रोक्न वा नियन्त्रित गर्न त्यति सजिलोचाहिँ छैन। कुनै पनि देश विकसित हुनु भनेको त्यहाँ वैज्ञानिक टेक्नोलोजीको विकास हुनु नै हो। त्यस्ता वैज्ञानिक पद्धतिहरू निर्माण गर्दा त्यहाँका जनतालाई त एकतर्फबाट सुख प्राप्त हुन सक्छ। उनीहरू आफूलाई विकसित ठान्छन्

तर उनीहरूले गरेको त्यस प्रयासको नराम्रो असर भने उनीहरूका साथै अन्य देशमा पनि पर्न गएको हुन्छ ।

विश्व तापक्रम वृद्धिको प्रमुख कारण अव्यवस्थित वैज्ञानिक वा रासायनिक पद्धतिहरू नै हुन् । हुन त सामान्य कुरा जस्तै यातायातका साधन, उद्योग, कलकारखानाबाट निस्किएको कार्बन मोनोअक्साइड ग्याँस, कार्बनडाइअक्साइड ग्याँसहरू पनि यस तापक्रम वृद्धिका कारण बन्न पुगेका छन् । वैज्ञानिक प्रविधिको विकासले हामीलाई धेरै सरलताका साथ बाँच्न सक्ने बनाएको छ । विज्ञानबिना त हामी अधुरो छौँ तर यस्ता वैज्ञानिक प्रविधिले गरिरहेको नराम्रो असरबाट हामी अनभिज्ञ छौँ । हामीले रेफ्रिजेरेटर, कुलर, ए.सी. इत्यादिको प्रयोग गर्दा आफूलाई निकै नै गर्वान्वित महसुस गर्छौं तर यो हाम्रो सबभन्दा ठूलो भूल हो । हामी अन्तरिक्षमा रकेट उडाउँदा आफूले एकदमै ठूलो काम गरेजस्तो ठान्छौँ, आफ्नो देश निकै नै विकसित भएजस्तो ठान्छौँ तर त्यसबाट निस्केको धुवाँले वातावरणलाई एकदमै नराम्रो असर पारिरहेको कुरा हामी बिर्सन्छौँ ।

तापक्रम वृद्धिका कारण प्राकृतिक बनोट, प्राकृतिक नियममा पनि परिवर्तन हुन थालेको छ । जाडो हुने ठाउँमा गर्मी, पानी पर्ने मौसममा खडेरीजस्ता अकाल्पनिक घटनाहरू तापक्रम वृद्धिका कारण नै घटिरहेका छन् । यसले वनस्पतिमा समेत उतारचढाव ल्याइदिएको छ । लामो दिनमा फुल्ने फूलहरू छोटो दिनमै फुलिरहेका छन् । आषाढमा पाक्ने आँप चैत्र, वैशाखदेखि नै पाइँदै छ । जाडो मौसममा पाइने फलफूल, वनस्पति गर्मीदेखि नै पाइन थालेको छ । वनस्पतिहरूको पनि आ-आफ्नो समयमा छुट्टै महत्त्व हुन्छ तर यस तापक्रम वृद्धिका कारण यिनीहरूले पनि आफ्नो महत्त्व हराइरहेका छन् । मानिसले कुनै पनि कुरा पर्खाइपश्चात् पाउँदा उसको मनमा अर्कै खुसीको आभास हुन्छ तर त्यही कुरा जहिले पनि उपलब्ध भएमा त्यसको महत्त्व हराउँदै जान्छ ।

यस तापक्रम वृद्धिका कारण, विश्व अझै तातिँदै गएको छ अर्थात् यसमा भएका प्राकृतिक कुराहरूको लोप हुँदै गएको छ । नेपालको तापक्रम ०.०२ का दरले बढिरहेको छ, हुन त नेपालमा त्यस्ता वैज्ञानिक वा रासायनिक पद्धतिको प्रयोग त्यति साह्रो नदेखिए पनि अरू देशको कार्यनीतिका कारण यहाँ पनि असर परिरहेको छ ।

तापक्रम वृद्धिले गर्दा अहिले मानिसहरूले सगरमाथामा पनि धान र आलु फलाउन थालिसकेका छन्। यो कुरा सुन्दा निकै नै अनौठो लाग्छ तर सत्यता यसैमा छ।

विश्व तापक्रम वृद्धिलाई नियन्त्रण गर्नका लागि हालसालै कोपन-हेगनमा यस समस्यासम्बन्धी छलफलको आयोजना गरिएको थियो। त्यस छलफलमा धेरै देशका मानिसहरूको सहभागिता देखिएको थियो। तापक्रम वृद्धिलाई कम गर्नका निम्ति त्यहाँ थुप्रै नीति-नियमको सूची बनाइएको थियो तर नीतिनियमको सूची बनाउनुभन्दा त्यसलाई लागू गर्नु ठूलो कुरा हो।

विकासक्रमको होडबाजीले यस समस्यालाई झन् गम्भीर बनाएको छ। विकास भन्नु नै वैज्ञानिकीकरण हो र यस होडबाजीले गर्दा यो समस्यालाई नियन्त्रण गर्नु एकदमै गाह्रो हुन पुगेको छ। तर यदि सबै देशहरू मिलेर यसको उपाय खोज्ने हो भने अवश्य नै भेटिन्छ। "जहाँ इच्छा त्यहाँ उपाय" भनेजस्तै कुनै पनि समस्याको समाधान गर्नु छ भने बाटो अवश्य नै भेटिन्छ।

तापक्रम वृद्धिलाई नियन्त्रण गर्नमा वृक्षारोपणले प्रमुख भूमिका खेलेको हुन्छ। यदि रासायनिक ग्याँसहरूको उत्पादन र वृक्षारोपणको दर बराबर राख्ने हो भने देशविकासमा पनि केही रुकावट आउँदैन र यस तापक्रम वृद्धिलाई पनि नियन्त्रण गर्न सकिन्छ। यसका लागि सबै देशहरू मिलेर एउटा ठोस नीति-नियम बनाउनुपर्ने देखिन्छ र नीति-नियम बनाउनका साथै त्यसलाई आधार मानेर देश विकासमा जुट्ने हो भने देश विकसित हुनुका साथै यस्ता समस्याहरूबाट पनि छुटकारा पाउन सकिन्छ।

तापक्रम वृद्धिको मूल कारण नै विभिन्न वैज्ञानिक उपकरणले निकालेको ग्याँस तथा आगो बाल्दा वा लाग्दा निस्केको धुवाँ पनि हो। यसलाई कम गर्न हामी नेपालीले पनि साथ दिन सक्छौँ। जस्तै– पुराना गाडीहरू नचलाएर, गोबर ग्याँसको प्रयोग गरेर, ठाउँठाउँमा वृक्षारोपण गरेर र मुख्य त बन्द र हडतालमा टायर नबालेर।

त्यसकारण, "यो विश्व हाम्रो हो र यसलाई हामीले नै बचाउनुपर्छ।" यो अभियान सबभन्दा पहिला आफू स्वयंबाट सुरु गर्नु प्रभावकारी देखिन्छ।

हामी आफू सजग भएमा देशलाई पनि सजग बनाउन सक्छौँ अनि बल्ल कुनै पनि समस्याको समाधान सजिलो हुन सक्छ ।

\+ + +

# विश्व तापक्रम वृद्धि

– अशेष निरौला, इलाम

पलपलमा विश्वका कुनाकुनाबाट निस्किरहेका विभिन्न रसायन पदार्थले दिनप्रतिदिन यस विश्वको तापक्रममा वृद्धि गरिरहेको छ । विभिन्न रसायनमध्ये पनि क्लोरोफ्लोरो कार्बन नामक तत्त्व यस समस्याको जड हो । यस क्लोरोफ्लोरो कार्बनले विश्वमा तापक्रम वृद्धि गर्ने मात्र नभई संसारमा हुने सबैखाले रसायन प्रदूषण गर्न विशेष भूमिका खेलिरहेको हुन्छ । सामान्यत: विश्व तापक्रम वृद्धि भन्नाले आजको भन्दा भोलिको तापक्रम बढी हुनु, भोलिको भन्दा पर्सिको नै हो । सामान्य व्यक्तिलाई बुझाउनुपर्दा दिनदिनै गर्मीपन बढिरहनु, गर्मीमा अत्यधिक राप हुनु र जाडोमा पनि भयङ्कर जाडो हुनुलाई विश्वको तापक्रम वृद्धि भएको भन्न सकिन्छ ।

यो समस्या कुनै एक व्यक्ति विशेष वा कुनै एक राष्ट्रले गरेर जन्मिएको होइन । संसारमा भएका हरेक मुलुकले गर्दा यो समस्या आज विश्वको हरेक व्यक्तिको आँखा तान्ने समस्याको रूपमा उत्पन्न भएको छ । जसरी सबैले अनेकौँ पथबाट यो समस्यालाई जन्माए त्यसरी नै यो समस्या सबैले उत्तिकै रूपमा भोग्नुपर्छ । सायद जोसमा होस नपुऱ्याएर होला, मानव जातिले यो समस्या दीर्घकालीन रूपमा खपिरहनुपर्ने छ । संसारको हरेक राष्ट्रले विकास गर्न भनी तम्सिए र अनेकौँ भौतिक विकास गरे पनि ! तर उनीहरूले यो विकास गर्दा वातावरणलाई ध्यानमा राखेको भए उचित हुन्थ्यो होला । एकैछिन रमाउँदा पछि पछुताउनुपर्छ भन्ने कुरा हामीले सायदै सोचेका थियौँ होला ।

विश्वका विभिन्न मुलुकले विभिन्न कारखाना र उद्योग सुचारु गरे, विभिन्न प्रकारका मोटरगाडी, हवाईजहाजहरू बनाए र यो कार्यलाई अझै पनि निरन्तरता दिइराखेका छन् ।

त्यस्तात्यस्ता विभिन्न खाले कार्य गर्दा पनि उनीहरूले वातावरण र विश्वमा प्रतिकूल असर गर्छ भन्ने सोचेनन् । आणविक हतियार उत्पादन पनि यस समस्याको प्रमुख एजेन्डा हो । अमेरिका, इजरायल, ब्रिटेन, इरानजस्ता ठूला देशहरूले त प्रतिस्पर्धा नै मच्चाए । यो वातावरण र विश्वलाई जोगाउन वा असर हुन नदिन कसैले टेरपुच्छर पनि लाएनन् । यिनै कारणहरूले गर्दा दिनप्रतिदिन कार्बनको बाहुल्यता यस वायुमण्डलमा बढ्दै गइरहेको छ । यी कार्बन वायुमण्डलमा रहेका अन्य ग्याँसहरूसँग मिश्रित भई अरू खतराजनक तत्त्वहरू बन्छन्; जस्तै– कार्बनमोनोअक्साइड, हेक्साफेनोक्सस आदि । जुन वायुमण्डलमा मडारिइरहेको हुन्छ । वायुमण्डलमा भन्दा माथि रहेको ओजोनलाई यी विभिन्न प्रकृतिका ग्याँसहरूले गर्दा पातलो बनाइरहेको हुन्छ । यो ओजनले घामबाट आउने विकिरणयुक्त प्रकाशलाई सोस्ने काम गर्छ । तर ओजोनको मोटोपना घट्नु भनेको घामबाट आउने किरणहरूलाई विना रोकावट यस धर्तीमा प्रवेश गर्न दिनु हो । जसले यस संसारमा रहेका जीवजीवाणु, कीराफट्याङ्ग्रा, बुट्यान, रूखहरू साथसाथै पृथ्वी आफैँलाई ठाडो प्रहार भइरहेको हुन्छ । यस माध्यमबाट आउने किरणहरू नै तापक्रम वृद्धिको प्रमुख कारण हुन् ।

क्लोफ्लोरोकार्बन = $CFCl_3$ / $CFCl_2$ / $CF_3Cl$

वायुमण्डलीय अक्सिजन = $O_2$

क्लोरिन = $Cl_2$

$$CFCl_3 + O_2 \xrightarrow{UV} ClO + Co2^1 + ..........$$

$$ClO + O_2 \longrightarrow [Cl] + O_2 \uparrow$$

यस संसारलाई ध्वस्त पार्ने यति दुई वाक्य हुन् । दोस्रो लाइनमा उत्पत्ति भएको एउटा [Cl] ले १,००,००० (एक लाख) ओजोनलाई नाश गर्न सक्छ, त्यो पनि एक वर्षमै मात्र । हामी मानव जातिले उत्पन्न गराएको क्लोरोफ्लोरो कार्बनबाट यति ठूलो क्षति हुन्छ ।

समस्या उत्पन्न भएपछि आखिरमा हल त गर्नै पर्छ । त्यसैकारणले हिमशिखरहरू पग्लिएर पानीको मात्रा बढ्यो भने स-साना टापुहरू डुबानमा पर्छन् भन्ने कुरा संसारलाई ध्यान केन्द्रित गराउन माल्दिभसले आफ्नो मन्त्रिपरिषद्को बैठक समुद्रमुनि गरेर संसारलाई नै हल्लायो । त्यसैगरी हाम्रो देश नेपालले पनि संसारमै नगरिएको

उच्च उचाइमा सगरमाथाको बेसक्याम्प (कालापत्थर)मा मन्त्रिपरिषद्को बैठक आयोजना गरेर संसारलाई सतर्कता देखाउन अकल्पनीय कदम चाल्यो। एक जनाले मात्र रोक्छु भनेर केही हुँदैन तर हामी रोक्छौँ र सक्छौँ भन्ने हो भने असम्भव केही छैन। विश्वका ठूलाठूला देशले गर्दा साना देशलाई असर पार्न पाइँदैन। विश्व तापक्रम वृद्धि रोक्नलाई हामीले आजैदेखि स-साना कार्य भए पनि पाइला चाल्नुपर्छ। यसका लागि सबै मुलुक र नागरिकले एकताबद्ध भएर लाग्नुपर्छ। जनसागरमा सचेतना ल्याउनुपर्छ, कार्बनयुक्त साधनहरूको प्रयोग घटाउनुपर्छ वा ठप्प पार्नुपर्छ, बिरुवा रूखहरू अनावश्यक काट्नुहुँदैन, वृक्षारोपण गर्नुपर्छ, घरमा अनावश्यक बत्ती बाल्नुभएन, हिँडेर जान हुने ठाउँमा मोटर प्रयोग नगरौँ, प्लास्टिकको सक्दो प्रयोग नियन्त्रण गरौँ, जथाभाबी फोहर नगर्नाले विश्व तापक्रम वृद्धि धेरै हदसम्म रोक्न सकिन्छ। देशका नागरिकलाई सचेत पार्न सरकारी स्तरहरूबाट पनि पहल र कार्यक्रमहरू ल्याउनुपर्छ। पढेका जानेका मानिसहरूले पनि यी कुरा अक्षर र शब्दमा मात्र प्रयोग नगरी व्यवहारमा लागू गर्न सके यो समस्या निर्मूल पार्न सम्भव छ। उद्योग र कारखानाबाट निस्कने फोहरलाई उचित समायोजन गर्नुपर्छ। फ्युलको प्रयोगमा गिरावट ल्याउनुपर्छ। प्राकृतिक स्रोतहरूको उचित सदुपयोग गर्न सकियो भने विश्व तापक्रम वृद्धि घटाउन पक्कै पनि सकिन्छ।

तसर्थ, विश्व तापक्रम वृद्धि एक सामान्य समस्या नभई उग्र रूप लिइसकेको भयङ्कर समस्या हो। यस तापक्रम वृद्धिलाई घटाउन सकिने विभिन्न उपायहरू अपनाएर हामी अघि बढ्यौँ भने आफू, देश र सिङ्गो पृथ्वीलाई नै धरापबाट जोगाउन सकिन्छ। विश्वको हरेक कोण र हरेक क्षेत्रमा असर पार्ने यो तापक्रम वृद्धिले दिनहुँ आफ्नो तागत देखाइरहेको छ। हामीले आजैदेखि यसको विरुद्धमा कदम चलायौँ भने भोलि उत्पन्न हुने खतराबाट अवश्य जोगिन सक्छौँ र अब आउँदो पिँढीलाई पनि हाँसीखुसी राख्न सक्छौँ। अब आउँदो पिँढीले पनि हाम्रो सिको गरेर वातावरण र विश्व नबिगारून् बरु उनीहरूलाई पनि सुख र समृद्धिको बाटोमा डोऱ्याउन हामीले विश्व तापक्रम वृद्धि न्यूनीकरण गर्ने ठोस कदमहरू आजैदेखि चाल्नुपर्छ।

\+ + +

# सेतीको खोँच

– सन्तोष उपाध्याय, अछाम

"छ वर्षे बालिका सेतीको खोँचमा खसिन्, उद्धार हुन बाँकी", "चर्च गएर फर्किंदै गरेका वृद्ध सेतीको खोँचमा परेर मृत्यु" यस्ता समाचार नौला रहेनन्। सेती नदी पोखराको सान हो। माछ्छापुच्छ्रे तथा अन्नपूर्णबाट हिउँ पग्लेर जन्मिएको सेतीले पोखरेलीहरूको पानीको तिर्खा नमेटाए पनि सिँचाइ सुविधा दिएर पेट पालेकै छ। सेतीकै खोँच हेर्न आउने पर्यटक पनि थुप्रै छन्। पोखरामा पहिला 'ल्यान्डफिल्ड साइट' नहुँदा 'डम्पिङ साइट'को काम पनि सेतीकै खोँचले गरेको हो।

पोखराभन्दा पहिला सेती ठूलो देखिए तापनि, पोखराको धूलोमैलो देखेर सेती तर्सन्छ अनि बगर छिर्न नपाउँदै खोँचमा लुक्न पुग्छ। गहिरो खोँचमा पसेपछि माथिबाट विरलै दर्शन दिन्छ सेती। लुकेर पनि कति बग्न सकोस्? रामबजार निस्केपछि सेती आफ्नै स्वरूपमा फर्कन्छ अनि पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा मृत्यु भएकाहरूको खरानी रामघाटमा बोकी सागर पुग्ने धोको बोकी निरन्तर बगिरहन्छ सेती।

सेतीका खोँचका फाइदा पनि छन् बेफाइदा पनि। त्यही खोँचको दृश्यावलोकन गर्न "Seti George View Point" भनेर स्थल बनाइएको छ। कहीँ कहीँ त खोँच नदेखेर मान्छे हिँड्दा हिँड्दै तल खस्छन्।

केही वर्ष पहिला एक बालिका सेतीको खोँचमा खसिन् तर उनको ज्यान भने गएन। उद्धार गर्न प्रहरी खटियो तर बालिकासम्म कोही पुग्न सकेनन्। दुई दिनपछि १२ वर्षीय स्थानीय बालक कमल नेपालीले जाने हिम्मत गरेर उनले उक्त बालिकालाई बचाए पनि। बिहान खायो बेलुका के खाने, बेलुका खायो बिहान के खाने चिन्तामा दिनरात बित्ने कमल नेपाली रातारात 'स्टार' भए। उनलाई आफ्नो स्वार्थपूर्तिका लागि "रमपम ब्रेभरी अवार्ड" जस्ता पगरी दिइए भने उनको साहसिक कामका लागि 'नेपाल वर्षबालक' पनि घोषित भए। पुरस्कार नै पुरस्कारले उनी र उनको परिवार रातारात लखपति

भए। दुब्ला च्याउँसे कमल अहिले बेस्सरी मोटाएका छन्– सायद फेरि छिर्न नसक्ने गरी। अहिले उनी 'जेभिएर इन्टरनेसनल स्कूल' काठमाडौँमा पढ्छन्। यसरी सेती खोँचले नराम्रो नियतले बालिकालाई खसाए पनि कमल नेपाली र उनको परिवारको जिन्दगी बन्यो, उनलाई पुरस्कार दिएर विज्ञापन गर्नेलाई पनि फाइदै भयो। यदि कमल नेपाली पनि आफै खसेका भए, त्यो हत्याको जिम्मा कसले लिन्थ्यो त्यो खोजी भएन।

त्यस्तैयस्तै कथाहरू बोकेको छ सेतीको खोँचले। एक जनाको त जीवन बन्यो होला तर आजसम्म धेरैको नोक्सान गरेको छ सेतीको खोँचले। कतिको ज्यान लिएको छ त कतिलाई अपाङ्ग बनाएर जिन्दगीभर रुस्क्याइराखेको छ।

यदि समयमा नै सेतीले बनाएका खोँचहरूको अध्ययन नगर्ने हो भने, यदि खोँच वरपर 'सावधान !' जनाउने सूचनापाटीहरू नराख्ने हो भने एक दुई जनाको जीवन त सुध्रिएला तर हजारौँ अन्यको जीवन सपना देख्न नपाउँदै टुङ्गिने छ। त्यही खोँचबाट लास झिकी खरानी सेतीमै बगाउनुपर्ने छ। अनि विधवाको सिन्दूर पनि सेतीकै पानीले पखाल्नुपर्ने छ।

सेती पोखराको गुलाब हो, यसले पोखराको सुन्दरता पक्कै पनि बढाएको छ। तर सेतीका खोँचरूपी काँडाको समयमा नै पहिचान गरी तीनका वरिपरि 'सावधान' चिह्नहरू नराखे ती काँडाले सयौँको ज्यान लिने र हजारौँको मुटु कोप्ने काम जारी राख्ने छन्।

## सम्पादकीय

### यो अङ्क

‘नेपाली’ले कैलेकैले एउटा सिङ्गै अङ्कको एउटा पुस्तक नै छापिदिन्छ। तर पुस्तक पुस्तिकाभन्दा बाहेक कुनै वस्तुले ‘मनोपली’ या ‘एकहट्टी’ गरी पूरै अङ्क ढाक्न पाएको थिएन। यसपटक त्यो अनौठो कुरा भएको छ। गुठीको ‘डाक्टरी पढ्ने सिट’ मा छानिने विद्यार्थी उम्मेदवारहरूले परीक्षामा लेखेका निबन्धहरूले यो अङ्क भरिएको छ, जम्मा १७ जनाका निबन्धहरूले।

माथि पृष्ठ ३-४ को सम्पादकीय टिप्पणीमा यी निबन्धहरू कसरी लेखिए इत्यादि भन्ने कुरा खुलाइसकिएकाले यहाँ धेरै लेख्नु आवश्यक छैन। तर त्यहाँ बताइएको छनौट प्रक्रियाको विवरणले गुठीले यी दुई विद्यार्थी छान्न कति निष्पक्ष र खुला प्रतियोगिता गराउँदो रहेछ भन्ने कुरा सबैलाई छर्लङ्ग भयो होला भन्ने आशा गरिएको छ। त्यसरी छानिएर डाक्टर बनेका नेपाली विद्यार्थीहरू सबै नेपालकै स्वास्थ्य सेवामा लागेका हेर्ने धोको (यी ‘सिट’ को जोगाड गरिदिने) रानी जगदम्बाको र यो गुठीको पनि थियो, तर त्यो पूर्णतः पूरा भएन। गुठीले डाक्टर बन्न सघाएका १०८ जना डाक्टरहरूमध्ये निकै जना समुद्रपार पुगेर सेवा-प्रदान गर्दैछन् भन्ने कटुसत्य पनि हामी सामुन्ने छ। त्यो एउटा विडम्बना हो।

भए पनि, नेपाली युवा जगत्का होनहार विद्यार्थीहरू नेपाली भाषामा आफ्नो भावना व्यक्त गर्न कति सक्षम रहेछन्, कति गहकिलो भाषा ज्ञान राख्दा रहेछन् भन्ने कुरा राम्रो बुझाउँछन् यी निबन्धहरूले। ऐले यिनलाई यहाँ पस्किनाको उद्देश्य त्यत्तिमात्र हो।

**कृष्णचन्द्रसिंह प्रधान**

अस्ति, असार १७ गते प्राज्ञ कृष्णचन्द्रसिंह प्रधानको ८६ वर्षको उमेरमा निधन भयो। मदन पुरस्कार गुठीको तेस्रो वर्षको पुरस्कार, २०१५ सालको गद्यतर्फको पुरस्कार, उनको 'कवि व्यथित र काव्य साधना' भन्ने ग्रन्थले प्राप्त गरेको थियो। कवि, निबन्धकार तथा समालोचक प्रधानजी गुठीका हितैषी बन्धु थिए। उनीबाट गुठीले बारम्बार सहयोग पनि पाइआएको थियो। उनको देहावसानमा गुठी गहिरो पीडा-बोध गर्दछ। हामी श्री कृष्णचन्द्रसिंह परिवारमा हार्दिक समवेदना र दिवङ्गत आत्माप्रति श्रद्धाञ्जली अर्पण गर्दछौं।